का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १५२
- २२ साउन २०७७, विहीबार
- 6 August 2020, Thursday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेटः बुधबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २१३९० जना | १५१५६ जना | ४१२९५३ जना | ६१७४ जना | ६० जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ८८ लाख २ हजार | १ करोड १९ लाख ७७ हजार | ७ लाख ६ हजार | ६१ लाख १८ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# एकै दिन पाँच जनाको मृत्यु

## ■उपत्यकामा ६२ सहित थपिए ३८१ संक्रमित ■पर्सामा एकै दिन १५१ जनामा संक्रमण

**लकडाउन खुलेसँगै कोभिड महामारीको संक्रमणबाट मृत्यु हुनेको संख्या बढेर गएको छ । ३८१ ज्ना संक्रमित थपिएको बुधबार एकै दिन पाँच जनाको मृत्यु भएको छ । बुधबार नेपालमा संक्रमण देखिए यताकै ठूलो क्षति हो ।**



*कोशी अस्पताल (कोभिड-१९) उपचार केन्द्र विराटनगरबाट बुधबार निको भएर घर फर्कदै । बुधबार १८ वर्षदेखि ९० वर्षका गरी २१ जना संक्रमित निको भएका छन् ।*
*-तस्वीर : मनोज दाहाल*

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन ।

गएको माघ ९ गते नेपालमा पहिलो कोभिड संक्रमित फेला परेको थियो । चीनबाट फर्किएका ती विद्यार्थीमा कोरोनाका संक्रमण देखिएको थियो । चैत ११ गते पछाडि कोभिड महामारी रोकथाम गर्न भन्दै १२० दिन लामो लकडाउन नै भयो । गएको साउन ७ गते लकडाउन खुलेको छ । संक्रमित दर घट्दै गएपछि लकडाउन अन्त्य गरिएको थियो ।

तर, लकडाउन खुलेपछि भने संक्रमण दर बढ्दै गएको छ । बुधबार राजधानी उपत्यकामा ६२ जनामा संक्रमण पुष्टि भयो भने एउटै जिल्लामा १५१ जनामा संक्रमण पुष्टि भयो । पर्सामा एकै दिन १५१ जनामा संक्रमण पुष्टि भएको छ । बुधबार एकै दिन पाँच जनाको मृत्यु समेत भएको छ । संक्रमण देखिए यताकै यो ठूलो क्षति हो ।

मोरङ, पर्सा र सर्लाहीका पाँच जनाको संक्रमणबाट मृत्यु भएको हो । पर्साका दुई जनाको मृत्यु भएको छ । १९ वर्षीय युवती र ४६ वर्षीय पुरुषको संक्रमणबाट मृत्यु भएको पुष्टि भएको छ ।

बुधबार नै मोरङकै दुई जनाको पनि बुधबार नै मृत्यु भएको छ । विराटनगर महानगरपालिका-९ का ४५ वर्षीय पुरुषको मृत्यु भएको छ भने अर्का रंगेलीका ४५ वर्षीयको पनि बुधबार नै मृत्यु भएको छ ।

यता काठमाडौंमा सर्लाहीका एक बृद्धको मृत्यु भएको छ । सशस्त्र प्रहरी अस्पतालमा मलंगवा नगरपालिका-६ का ६५ वर्षीया बृद्धको मृत्यु भएको छ । उनी साउन १६ गते मनमोहनमा भर्ना भएका थिए । त्यहाँ भेन्टिलेटरमा राखेर उपचार भइरहेको थियो ।

## ३८१ थपिए, १३० फर्किए

बुधबार थप ३८१ ज्नामा संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राजधानी उपत्यकामा मात्रै ६२ जनामा संक्रमण भएको जनाएको छ । त्यस मध्ये काठमाडौंमा मात्रै ५७ जना थपिए भने भक्तपुरमा पाँच जनामा संक्रमण पुष्टि भएको छ । बुधबार पर्सामा एकै दिन १५१ जनामा संक्रमण पुष्टि भयो ।

लकडाउन खुलेपछि सबैभन्दा बढी पर्सा नै प्रभावित बनेको छ । लकडाउन खुले यता मात्रै पसार्मा १३ जनाको मृत्यु भएको छ । त्यस अगाडि तीन जनाको मृत्यु भएको सहित पर्सामा संक्रमणबाट मृत्यु हुनेको संख्या १६ पुगेको छ । बुधबार थपिएको सहित संक्रमित संख्या २१ हजार ३९० पुगेको छ । संक्रमित थपिनेको तुलनामा बुधबार निकै कम संख्यामा डिस्चार्ज भएका छन् । बुधबार १३० जना संक्रमित निको भएर घर फर्किए ।

मन्त्रालयले संक्रमित निको भएर घर फर्कनेको संख्या १५ हजार १५६ पुगेको छ । अर्थात्, ७०.८ प्रतिशत संक्रमित निको भएर घर फर्किएका छन् । बुधबारसम्म तीन लाख १२ हजार ४०२ जनाको पीसीआर परीक्षण गरिएको छ । यो कुल जनसंख्याको १.४ प्रतिशत हो । सरकारले दुई प्रतिशत जनसंख्याको पीसीआर परीक्षण गर्ने जनाएको बाँकी पृष्ठ २ मा

# आजदेखि फेरि जोर विजोर

## राति ९ बजेदेखि बिहान ५ बजेसम्म हिँडडुलमा रोक

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन ।

सरकारले विहीबारदेखि सवारी साधानमा जोर विजोर प्रणाली फेरि शुरु गरेको छ । सरकारले असार २६ गतेदेखि निजी सवारी साधनको जोर विजोर हटाएको थियो । उपत्यकामा तीन जिल्ला र बाहिर जिल्लाभित्र सार्वजनिक यातायात सञ्चालन गर्न अनुमति दिएको थियो भने भदौ १ देखि लामो दुरीको सवारी चलाउन दिने निर्णय गरेको थियो ।



तर, लकडाउन हटेसँगै कोराना संक्रमितको संख्या बढेपछि पुनः सरकारले जोर विजोर लागू गर्ने निर्णय गरेको हो । गृहमन्त्रालयका सह सचिव तथा प्रवक्ता चक्रबहादुर बुढाले वुधबार विज्ञप्ति जारी गर्दै २ सय भन्दा बढी कोरोना संक्रमित रहेका जिल्लाहरुमा विहीबार राति ९ बजेदेखि विहान ५ बजेसम्म हिँडडुलमा रोक पनि लगाएको जानकारी दिएका छन् ।

यस्तै, काठमाडौं उपत्यका प्रवेश गर्ने अत्यावश्यक ढुवानीबाहेकका अन्य बाँकी पृष्ठ २ मा

# सुन तोलाको लाख नाघ्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन ।

कोभिड-१९ को महामारीका कारण अन्तर्राष्ट्रिय बजारमा अस्थिर रहेको सुनचाँदीको मूल्य नेपालमा अप्रत्याशित रुपमा बढेको छ । मंगलबार प्रतितोला रु ९९ हजार ८०० मा कारोवार भएको सुनको मूल्य रु एक हजार ६०० ले वृद्धि भएको छ ।



बजार खुल्नेबित्तिकै छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख एक हजार चार सय कायम भएको छ भने सोही परिमाणको तेजाबी सुनको मूल्य रु एक लाख ९०० निर्धारण गरिएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार, बाँकी पृष्ठ २ मा



**लेबनानको भयानक विष्फोट**

# एक सय बढीको मृत्यु चार हजार घाइते

विस्तृत समाचार पृष्ठ ५ मा...

**काठमाडौं/एजेन्सी–** लेबनानको राजधानी बेरुतको प्रमुख बन्दरगाहमा मंगलबार शक्तिशाली विष्फोट भएको छ । विष्फोटनमा परी एक सय भन्दा बढीको ज्यान गएको छ । करिब २ हजार ७५० टन 'एमोनियम नाइट्रेट' नामक रासायनिक पदार्थ भण्डारण गरेको एक गोदाम घरमा भएको यस विष्फोटमा परी चार हजार भन्दा बढी घाइते भएका छन् । यस गोदाममा सन् २०१४ मा एक कार्गो जहाजबाट बरामद गरिएको 'एमोनियम नाइट्रेट' भण्डारण गरिएको थियो ।

विष्फोट निकै टाढासम्म सुनिएको त्यहाँका स्थानीयवासीले जनाएका छन् । बिस्फोटबाट बुधबार साँझसम्म ज्यान गुमाउनेको संख्या सय नाघेको छ भने चार हजार बढी घाइते भएका छन् । गोदाममा राखिएको एमोनियम नाइट्रेटको अवस्था बारेमा जाँचबुझ गरी पाँच महिना अघि नै लेबनान सरकारलाई प्रतिबेदन बुझाइएको पनि संचार माध्यमहरुले जनाएका छन् ।

## मलेसियामा कामदारलाई फिर्ती हवाई टिकट नदिने कम्पनी ५ वर्षसम्म कालो सूचीमा

# उद्धारका लागि निवेदन लिन शुरू

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन

मलेसियास्थित नेपाली दूतावासले कोरोना भाइरस (कोभिड-१९) का कारण रोजगार गुमाई स्वदेश फर्किनुपर्ने बाध्यतामा रहेका तर जहाज भाडा जुटाउन नसकेका नेपाली कामदारहरुलाई सरकारी खर्चमा उद्धारका लागि निवेदन लिन शुरु गरेको छ । मन्त्रिपरिषद्ले कोरेना भाइरसका कारण वैदेशिक रोजगारी गुमाई अलपत्र परेका नेपाली कामदारको उद्धार गर्ने सम्वन्धी निर्देशिका २०७७ जारी गरेपछि स्वदेश फर्काउनुपर्ने बाध्यताका नेपाली कामदारहरुको सूची तयार पार्ने जिम्मेवारी सम्बन्धित मुलुकमा रहेका नपाली दूतावासहरुले पाएका छन् ।

दूतावासमा प्राप्त निवेदनहरु परराष्ट्र मन्त्रालय हुँदै वैदेशिक रोजगार बोर्डमा आएर बोर्डमार्फत रकम निकाशा भएपछि निवेदन दिनेमध्ये मापदण्डभित्रका कामदार सरकारी खर्चमा स्वदेश फर्किन पाउने छन् । श्रम स्वीकृति वा पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको ३ वर्ष ननाघेका, सम्बन्धित सरकार, रोजगारदाता, रोजगारीमा पठाउने ईजाजतपत्रवाला संस्था वा अन्य स्रोतबाट हवाई टिकट नपाएका वा आफ्नै खर्चमा नेपाल फर्किन नसक्ने अवस्थाका कामदारहरुले सरकारी खर्चमा स्वदेश फर्किन आवेदन दिन सक्ने व्यवस्था छ ।

रोजगारीमा गएको एक वर्षभन्दा कम अवधिमा रोजगारी गुमाएको भएमा स्वदेश फर्किने टिकटको सम्पूर्ण रकम, एकदेखि तीन वर्षको अवधिमा रोजगारी गुमाएको भएमा जहाज भाडाको ७५ प्रतिशत, पुनः श्रम स्वीकृति लिएर गएको भएमा जहाज भाडाको ५० प्रतिशत, श्रम स्वीकृतिको अवधिभित्र थुनामा परेर आममाफी पाई स्वदेश फिर्ती केन्द्रमा रहेका कामदारले सम्पूर्ण खर्च र गैर आवासीय नेपाली संघजस्ता अन्य कुनै निकायबाट आंशिक सहयोग पाएका कामदारले अपुग रकम र विमानस्थलदेखि क्वारेन्टिन सेन्टरसम्म जान बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगार कार्यालय ताहाचलको प्रमुखमा कुँवर

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट खटाइएकी सहसचिव विनु बज्राचार्य कुँवरले बुधबारबाट वैदेशिक रोजगार कार्यालय, ताहाचलको कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेकी छन् । उक्त कार्यालयका तत्कालीन प्रमुख उमेश बस्नेत गृह मन्त्रालयमा बाँकी पृष्ठ २ मा



## महिला अलपत्र पार्ने पक्राउ

**काठमाडौं/मस–** आकर्षक तलवमा वैदेशिक रोजगारका लागि कुवेत लैजाने भन्दै चार जना महिलालाई भारत लगेको आरोपमा प्रहरीले सिन्धुपाल्चोक चौताराका याङलाल लामा भन्ने ह्यांग लाल तामाङलाई पक्राउ गरेको छ । कुवेतमा राम्रो तलब हुने घरायसी काममा लगाइदिने भन्दै तामाङले उदयपुर, झापा, सिन्धुपाल्चोक र काठमाडौंका ४ जना महिलाहरुलाई विभिन्न समयमा भारतको नयाँ दिल्ली लगेर त्यहाँको उत्तमपुर भन्ने ठाउँमा बन्धक बनाई राखेको अवस्थामा भारतस्थित नेपाली दूतावासको सहयोगमा उद्धार गरेर काठमाडौं बाँकी पृष्ठ २ मा

मिहेनेतको कमाइको सम्मान गर्ने बानी बसालौं, भ्रष्टाचार मुक्त समाजको निर्माणमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# उपभोक्ता समितिको कामः न सूचना, न ‘होर्डिङ बोर्ड’



**काठमाडौं/रासस-** उपभोक्ता समितिमार्फत हुने विकास निर्माणका काम कति अपारदर्शी हुन्छन् भन्ने नमूना हेर्न राजधानीस्थित विष्णुमती किनारमा गए हुन्छ । काठमाडौं महानगरपालिका-१९ स्थित कङ्केश्वरी मन्दिर नजिकै काठमाडौं उपत्यका खानेपानी लिमिटेडले समेत पिउनयोग्य पानी नआउने भनी प्राविधिक प्रतिवेदन दिएको स्थानमा ‘फिल्टर प्लान्ट’ निर्माण भइरहेको छ । निर्माणस्थलमा स्थानीयवासीलाई जानकारी दिन राखिनुपर्ने सूचना पाटीसमेत छैन । निर्माणस्थलमा सूचना पाटी नराखिँदा के बनाउन लागिएको हो भन्ने स्पष्ट छैन । स्थलगतरुपमा काम गरिरहेका कामदारलाई सोध्दा पानी ट्याङ्की बनाउन लागिएको जानकारी गराए । उपभोक्ता समितिमार्फत् ९० हजार लिटर क्षमताको पानी ट्याङ्की निर्माण भएको भनिए पनि आयोजनास्थलमा भेटिएका रामगोपाल मालीले आफू आयोजनाको निर्माण व्यवसायी भएको बताए ।

उनले निर्माण कम्पनीको नाम भने खुलाउन चाएनन् । उपभोक्ता समितिका नाममा आयोजना सम्झौता गरी निर्माण व्यवसायीलाई दिइएको हुनसक्ने स्थानीयवासीको भनाइ छ । वाग्मती प्रदेश सरकारअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत रहेको खानेपानी तथा सरसफाइ डिभिजन नं ५ भक्तपुरको बजेटमा योजना सञ्चालन भएको हो । वडामा आएको योजनाका बारेमा वडा कार्यालयलगायत तीनै तहका जनप्रतिनिधिले अनुगमन गरेर गुणस्तरीय एवं पारदर्शी काम गराउनुपर्नेमा त्यस्तो हुन नसकेको १९ वडा सरोकार मञ्चका अध्यक्ष सुमन खड्गीले बताए । मञ्चले आयोजनाका विषयमा छलफल गर्ने गरेको कार्यक्रममा जनप्रतिनिधि जिम्मेवार नभएको उनले गुनासो गरे ।

वडाध्यक्ष शशीलाल श्रेष्ठले प्रदेशको बजेट भएकाले वडाले समेत विस्तृतरुपमा जानकारी पाउन नसकेको बताइन् । चालू आवमा महानगरले त्यो आयोजनाका लागि ३० लाख रुपैयाँ बजेट छुट्याएको उनले जानकारी दिइन् । स्थानीयस्तरमा दमैचाघाट उपभोक्ता समितिमार्फत सञ्चालनमा रहेको आयोजनाका बारेमा छलफल गर्न असार तेस्रो साता मञ्चले कङ्केश्वरी मन्दिरको सभाहलमा आयोजना गरेको कार्यक्रममा समितिका पदाधिकारी एवं सदस्य उपस्थित भएनन् । आयोजना कार्यान्वयन गर्ने समितिका पदाधिकारी र स्थानीयवासीलाई जानकारी गराउन उपस्थित नहुँदा विषयको गम्भीरतालाई आशङ्कित बनाएको मञ्चका अध्यक्ष खड्गीले बताए ।

सुशासन ऐन २०६४ मा रु.पाँच लाखभन्दा बढीका आयोजना सञ्चालन गर्दा कहिले शुरु भएर कहिले अन्त्य हुने, लागत, निर्माण व्यवसायी वा उपभोक्ता समितिका विषयमा जानकारी दिन सूचना पाटी (होर्डिङ बोर्ड) राख्ने व्यवस्था गरिए पनि त्यो पालना हुन सकेको छैन । समितिका सदस्य शंकर महर्जनले आयोजनाका विषयमा बनाइएको सूचना पाटी कार्यालयमै राखिएको दाबी गरे । आयोजना स्थलमा राख्दा च्यातिदिने भएकाले कार्यालयमा राख्नुपरेको उनको भनाइ छ । मञ्चले काठमाडौं उपत्यका खानेपानी लिमिटेड क्षेत्रपाटी शाखालाई पनि यस विषयमा ध्यानाकर्षण गराएको थियो । मञ्चको ध्यानाकर्षणपछि लिमिटेडले समेत समितिलाई पत्राचार गरेको थियो । लिमिटेडले मञ्चलाई फिल्टर प्लान्टबाट उत्पादित पानी प्रशोधन गर्दा पनि पिउन योग्य नहुने भनी प्राविधिक प्रतिवेदन दिएको प्रकाश राईले बताए ।

‘त्यहाँको पानीमा धमिलोपना (टर्बिडिटी) ६४ दशमलव ६, आइरन ६ दशमलव ३ र एमोनिया ५८ प्रतिशत छ, यी तीनवटा प्यारामिटरका कारण पानी पिउन सकिँदैन, भएकाले घरायसी प्रयोजनका लागि उपयोग गर्न सकिने प्रतिवेदन दिएको हो, प्रशोधनबाट आइरन र धमिलोपना मापदण्डमा ल्याउन सकिने भए पनि एमानिया भने घटाउन सकिँदैन’, उनले भने । यो आयोजनाले महानगरका वडा नं १५, १७, १८, १९ र २० को अधिकांश क्षेत्रलाई समेट्ने जनाइएको छ । यो क्षेत्रमा धाराको पानी पुर्‍याउन नसकिएको लिमिटेडको स्वीकारोक्ति छ । महानगरपालिकाको वडा नं १९ मा आठ वटा ढुंगेधारा भए पनि हाल दुई वटामा मात्र पानी आउने गरेको वडासदस्य चन्द्रमान डंगोलले बताए । मरुहिटी र बञ्जाहिटीमा मात्र पानी आउने गरेको उनले सुनाए । आयोजना सञ्चालन गरेको खानेपानी तथा सरसफाइ डिभिजन नं ५ भक्तपुरका इञ्जिनीयर कुलप्रसाद शर्माले असार ३ गते रु.४० लाखमा सम्झौता भई फिल्टर प्लान्टको काम गरिएको बताए । तीमध्ये रु.२० लाख भने फ्रिज भएको उनले जानकारी दिए ।

# कोरोना संक्रमितको उपचारार्थ आईसीयू भवन निर्माण



**काठमाडौं/मस-** नेपाल एपीएफ अस्पताल परिसरमा कोभिड-१९ उपचारार्थ आई.सी.यू. भवन निर्माण गरिएको छ ।

कोभिड-१९ को उपचारको लागि तीब्रगतिमा निर्माण भएको २० शैय्याको आई.सी.यू. भवन र मोलिकुलर ल्याबको सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले उद्घाटन गरेका छन् । सो अवसरमा नागरिकलाई महामारीको बेला प्रदान गर्नुपर्ने सेवा र सुरक्षाको साथै अतिनै महत्वपूर्ण रहेको स्वास्थ्य सेवा प्रवाहलाई प्राथमिकतामा राखी अहोरात्र बिरामीको सेवामा क्रियाशिल रहन सो अस्पतालका चिकित्सकहरुलाई महानिरीक्षक खनालले निर्देशन समेत दिए ।

उनले नेपाल सरकारबाट सो अस्पताललाई कोभिड-१९ रोकथाम तथा उपचारमा डेडिकेटेड अस्पतालको जिम्मेवारी सुम्पिएकोमा उक्त जिम्मेवारी निर्वाहका लागि थप भएका सेवा सुविधाको अधिकतम उपयोग गरि स्वास्थ्य सेवा प्रदान गर्न नेपाल एपीएफ अस्पताल सधैं प्रतिवद्ध रहने उल्लेख गरे ।

सो अस्पताललाई महामारीको बेला मात्र नभई अरु बेला समेत सेवामूखी बनाउँदै लगिने चर्चा गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक खनालले कोभिड-१९ महामारीमा रोगको उपचार, परिक्षण तथा रोकथाममा सो निर्माणले थप टेवा पुर्‍याउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख विशेषज्ञ तथा कोभिड-१९ यूनिफाईड अस्पताल निर्देशन समितिका अध्यक्ष डा.रोशन पोखेलले यस कोभिड-१९ महामारीको बेला रोगको पहिचान तथा सीघ्र उपचारमा सहयोग पुगोस भन्ने उद्देश्यका साथ नेपाल एपीएफ अस्पतालमा आई.सी.यू. भवन र मोलिकुलर ल्याबको स्थापना गरिएको बताए । नेपाल एपीएफ अस्पतालका प्रमुख प्राविधिक सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक डा. रुपक महर्जनले स्वागत मन्तब्यको क्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट विभिन्न मितिमा प्राप्त बजेट तथा नेपाल एपीएफ अस्पतालको नियमित बजेटबाट सो निर्माण सम्पन्न भएको जानकारी गराए । कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु पुष्पराम के.सी., नारायणबाबु थापा र रामशरण पौडेल लगायत सशस्त्र प्रहरी बल, नेपालका बरिष्ठ अधिकृतहरुको उपस्थिति रहेको थियो ।

# मानव बेचबिखनमा संलग्न तामाङ पक्राउ



**काठमाडौं/मस-** नेपाल प्रहरीले मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्न एक जनालाई पक्राउ गरेको छ । प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्न रहेर फरार सिन्धुपाल्चोक घर भई गोकर्णेश्वर बस्ने ४६ वर्षीय ह्याङ्गलाल तामाङलाई मंगलबार पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो ।

ब्युरोका प्रवक्ता, प्रहरी उपरीक्षक गोविन्द थपलियाले उदयपुर, झापा, सिन्धुपाल्चोक र काठमाडौंका चार महिलालाई कुवेतमा राम्रो तलबमा काम लगाइदिन्छु भनेर भारतमा लगेर बन्धक बनाएकाले तामाङलाई पक्राउ गरिएको जानकारी दिए ।

तामाङले ती महिलालाई विसं २०७३ मा वीरगञ्ज नाका हुँदै दिल्लीमा बन्धक बनाएर राखे पनि प्रहरीले २०७४ मा महिलाको उद्धार गरेर मनोपरामर्श दिएर आफन्तको जिम्मा लगाइसकेको छ । पक्राउ तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार अनुसन्धान कारवाही हुने ब्युरोले जनाएको छ ।

# अत्यावश्यक कामबाहेक सिंहदरबार प्रवेशमा रोक



**काठमाडौं/मस-** कोभिड-१९ को संक्रमण बढ्दै गएपछि सिंहदरबार प्रवेशमा कडाई गरिएको छ । गृहमन्त्रालयका अनुसार अत्यावश्यक कामबाहेकका व्यक्तिलाई प्रवेशमा कडाइ गरिएको हो ।

मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाले भने, ‘अत्यावश्यक कामका लागि आवश्यक सुरक्षा मापदण्ड अपनाएर जाँदा प्रवेशमा कुनै समस्या छैनतर सामान्यरुपमा भेटघाट, गफगाफका लागि भने ध्यान दिनै पर्छ, त्यसमा रोक लगाएको हो ।’ जोखिम नबढोस् भनेर ध्यान दिनुपर्ने भएकाले अत्यावश्यक कामबाहेकका लागि उक्त व्यवस्था लागू गरिएको उनले जानकारी दिए ।

भित्रबाट पास पठाएर प्रवेश अनुमति दिने कार्यमा पनि तत्कालका लागि रोक लगाइएको छ । अहिलेको जटिल परिस्थितिमा नागरिक आफैँले पनि सुरक्षा सावधानी अपनाउन र अत्यावश्यक काम नपरी बाहिर ननिस्किन तथा सिंहदरबार नआउनसमेत उनले अनुरोध गरेका छन् ।

प्रेस पास भएका पत्रकारलाई कुनै रोक नलगाइएको उनले प्रष्ट पारे । पछिल्लो समयमा काठमाडौं उपत्यकामा कोभिड-१९ को संक्रमण बढिरहेको छ । बुधबार उपत्यकामा ६२ जनामा कोभिड-१९ देखिएको छ ।

संक्रमण बढेपछि उपत्यका प्रवेशमा थप कडाइ गरिएको र स्वास्थ्य मापदण्ड लागू नगर्ने व्यक्ति वा व्यावसायिक प्रतिष्ठानलाई कारवाही गर्न थालिएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले जानकारी दिए ।

अटेर गर्नेलाई कैद सजाय गर्ने समेत उनले चेतावनी दिएका छन् ।

सवारी चालकमा कोरोना

सर्वोच्च अदालतका १ सय ८१ जना कर्मचारीमा गरेको कोभिड-१९ परीक्षणमा एक जना सवारी चालकमा कोरोना संक्रमण पुष्टि भएको छ ।

सर्वोच्च अदालतमा सहप्रवक्ता देवेन्द्र अधिकारीअनुसार आइतबार १ सय ८१ जना कर्मचारीमा पीसीआर परीक्षणका गर्न लगिएको थियो । त्यसमध्ये १ सय ८० जनामा कोभिड-१९ नेगेटिभ देखिएको र एक जना सवारी चालकमा कोरोना पुष्टि भएको हो । सर्वोच्च अदालतमा प्रवक्ता भद्रकाली पोखरेलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा सर्वोच्च अदालतमा न्यायाधीश र कर्मचारीमा कोरोना पुष्टि नभएको र एक जनामा मात्र कोरोना पुष्टि भएको उल्लेख छ ।

# १ लाख मूल्य बराबरको अवैध सामान बरामद



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २१ साउन

नवलपरासीको सीमा क्षेत्रबाट १ लाख १ हजार ३ सय ८० रुपैयाँ मूल्य बराबरको अवैध मालसमान प्रहरीले नियन्त्रणमा लिएको छ ।

बुधबार सरावल गाउँपालिका वडा नं. ६ बडसारेमा नेपालबाट भारततर्फ अवैधरुपमा लैजादै गरेको करिब १५ हजार मुल्य बराबरको ४ बोरा मटर ( केराउ) साथै भारबाट अबैधरुपमा ल्याउँदै गरेको करिब ८६ हजार ३ सय ८० मुल्य बराबरको बिभिन्न साडी २० थान, लेडिज कुर्ताको थान कपडा १९ मिटर, जेन्स भित्री कपडा तथा ३८ पोका धनियाको बिउ सीमा प्रहरी चौकी महेशपुरले नियन्त्रणमा लिएको हो ।

उक्त मटर र कपडा मानिसहरुले मोटरसाईकलमा राखी लैजादै गर्दा तथा ल्याउँदै गर्दा प्रहरी टोलीलाई देखेपछि उनीहरु उक्त सामानहरु फाली भगेका थिए ।

नियन्त्रणमा लिइएको सबै सामान आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ ।

# रानीपोखरीमा आकाशे पानी संकलन पहिलो प्राथमिकतामा



**काठमाडौं/मस-** राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले रानीपोखरीमा पानी जम्मा गर्न प्राकृतिक हिसाबले सम्भव सबै उपाय प्रयोग गरिने बताएका छन् । प्राधिकरण, पुरातत्व विभाग, काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयका अधिकारी, विज्ञ, अभियानकर्मी र स्थानीयवासीबीच आज भएको अन्तर्क्रियामा उनले रानीपोखरीमा आकाशे पानी संकलनलाई पहिलो प्राथमिकता दिइएको बताए ।

रानीपोखरीको पिँध र वरिपरिको पर्खाल पुनःनिर्माण सम्पन्न भएपछि आकाशे पानी जम्मा हुन थालेको छ । दरबार हाइस्कूल, त्रिचन्द्र कलेजलगायत क्षेत्रबाट पानी हार्भेष्टिङका लागि काम जारी रहेको प्राधिकरणले जनाएको छ ।

विकल्पका रुपमा मात्र टुँडिखेल क्षेत्रमा रहेका इनारको पानी, डिप बोरिङ र मेलम्चीको पानी रानीपोखरीमा हालिनेछ । कार्यक्रममा पूर्वसचिव एवं जलस्रोत विज्ञ सुमन शर्माले रानीपोखरी वरिपरिका विभिन्न सार्वजनिक भवनको छतको पानी संकलनलाई प्राथमिकता दिँदै विकल्पमा मेलम्चीको पानी पनि राख्न सुझाव दिए । डिप बोरिङको पानीलाई अन्तिम विकल्पका रुपमा राख्न सकिने उनले बताए । लिमिटेडको आयोजना कार्यान्वयन निर्देशनालयका आयोजना निर्देशक भोजविक्रम थापाले उपत्यकामा पानी वितरण गर्ने पाइप प्रणालीको परीक्षण गर्नेक्रममा मेलम्चीको पानी प्रयोग गर्न सकिने बताए । सम्पदाविद् सुदर्शनराज तिवारीले आकाशे तथा रानीपोखरी वरिपरिको सतह एवं खेर गएको पानी प्रशोधन गरी पानी प्रयोग गर्न सुझाव दिए । डिप ट्युबवेल प्रयोग नगर्न पनि उनले सुझाव दिए ।

संरक्षण अभियानकर्मी आलोकसिद्धि तुलाधरले परम्परागत इञ्जिनीयरिङलाई अवलम्बन गर्न आग्रह गर्दै डिप बोरिङको सट्टा प्राकृतिक उपाय अपनाउँदै पानी भर्न आग्रह गरे । स्थानीयवासी सुशील श्रेष्ठले पोखरी सफा गर्न दुई वटा निकास राख्न सुझाव दिए । कार्यक्रममा अर्का स्थानीय गणपतिलाल श्रेष्ठले केही समय लागे पनि सम्भव भएसम्मका परम्परागत विधि ब्युँताउने उपायतिर लाग्न आग्रह गरे ।

### ३८१ थपिए...

थियो । बुधबारसम्म देशभर ६१७४ संक्रमित उपचारत छन् ।

क्वारेन्टिनमा बस्नेको संख्या भने घटेर गएको छ । कुनै बेला एक लाख ७० हजार क्वारेन्टिनमा थिए भने बुधबारसम्म आइपुग्दा ९९२५ मा झरेको छ । ५०० भन्दा बढी सक्रिय संक्रमित रहेको जिल्ला भने बढेर गएको छ । पर्सा, रौतहट, महोत्तरी र कैलालीमा पाँच सय बढी संक्रमित उपचारत छन् । खोटाङ, धनकुटा, संखुवासभा, मनाङ, मुस्ताङ र रुकुमपश्चिममा भने संक्रमित संख्या शून्य बनेको छ ।

### सुन...

मंगलबारको तुलनामा चाँदीको मूल्य रु ६५ ले बढेको छ । एकतोला सेतो धातुको मूल्य आज रु एक हजार २९५ निर्धारण भएको छ । कोभिड-१९ को संक्रमण रोक्न बन्दाबन्दी लागू गरिए यता जेठ २५ गते एक तोला सुनको मूल्य रु १० हजार ४०० ले बढेर रु ८७ हजार पुगेको थियो ।

त्यसयता सुनको मूल्य निरन्तर उकालो लागिरहेको छ । अन्तर र्‍ाष्ट्रिय बजारमा सुन प्रतिऔँस २,०२४.५३ अमेरिकी डलर कायम भएको छ । प्रतिऔँस चाँदी २५।९६ अमेरिकी डलर निर्धारण भएको छ । तीज, गौरा दशैं, तिहारजस्ता चाडपर्व नजिकिँदै जाँदा सुनचाँदीको कारोवारको मौसम भए पनि यस पटक भने अप्रत्यासित मूल्य बृद्धिले कारोबार शून्यप्राय भएको छ । व्यावसायीहरुले मूल्य स्थीर नभए विकल्प खोज्नुपर्ने अवस्था आउने चिन्ता व्यक्त गरेका छन् । “यस्तै अवस्थामा मूल्य बढ्दै जाने हो भने सुनचाँदी व्यवसायीले विकल्प खोज्नुपर्ने अवस्था आउने सम्भावना छ”, सुनचाँदी व्यवसायी संघ कञ्चनपुरका अध्यक्ष उमेश सनुवारले भने ।

कञ्चनपुरमा १६० जना सुनजाँदी व्यवसायी छन् । व्यवसायीहरुका अनुसार, अहिले सुन खरीद गर्ने शून्य जस्तै भएका छन् भने बिक्रीका लागि आउनेहरुको भीड लागेको छ ।

“लकडाउन शुरु भएसँगै मूल्य बढ्दै जाँदा कारोवार घटेर गएको हो । काठमाडौँभन्दा बाहिर सुनको मूल्य बढी हुन्छ” सुनुवारले भने । सुन मौलिक गहनाका रुपमा नेपाली कारीगढले बनाउँदै आएका छन् भने आधुनिक गरगहना भारतीय कारीगढले बनाउँदै आएका छन् ।

### आजदेखि...

सबै यात्रुबाहक सवारी साधनहरुलाई बेलुका सातबजेदेखि विहान सात बजेसम्म आवागमन निषेध गरिएको व्यवस्थालाई कडाईका साथ लागू गर्न मन्त्रालयले निर्देशन पनि दिएको छ ।

त्यस्तै, मन्त्रालयले नेपाल सरकारको निर्णय बमोजिम आगामन अनुमति पाएका व्यक्तिबाहेक अन्तर र्‍ाष्ट्रिय सिमा नाकामा हुने आवत जावतलाई पनि कडाईका साथ निषेध गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।

मन्त्रालयले होटल, रेष्टुरेन्टमा हुने सामूहिक भोज, पार्टी, सेमिनार वा अन्य सामूहिक भेला जस्ता कार्य निषेध गर्न समेत निर्देशन दिएको छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी जनस्वास्थ्य मापदण्ड तथा गृह मन्त्रालयद्वारा जारी सुरक्षा मापदण्ड कडाईका साथ पालना गर्न र गराउन पनि भनेको छ ।

मास्क नलगाउने वा, जनस्वास्थ्य मापदण्डको उल्लंघन गर्ने व्यक्तिलाई दण्ड जरिवाना गरिने समेत बताएको छ । जन स्वास्थ्य मापदण्ड तथा सुरक्षा मापदण्ड उल्लंघन गर्ने व्यक्ति, समूह तथा संस्था भए सो को सञ्चालकसमेतलाई कारबाही गरिने बताएको छ ।

### मलेसियामा...

लाग्ने सबै खर्च कोषबाट पाउने प्रावधान छ । आममाफी पाएर स्वदेश फिर्ती केन्द्रमा रहेका कामदारलेसमेत सरकारी टिकटको लागि दूतावासमा निवेदन दिन पाउनेछन् । नेपाली दूतावासले सजायबाट आममाफी पाएका, घरफिर्ती केन्द्रमा रही हाल नेपाल आउन अनुमति पाएका, जुनसुकै कारणले बहिर्गमन भिसामा रहेका र रोजगारी गुमाएकालाई घर फर्काउन प्राथमिकतामा राखिएको बताएको छ ।

क्वालालम्पुरस्थित नेपाली दूतावासले बुधबार जनाएअनुसार आफू समस्यामा परेको र घर फर्किने खर्च अभाव भएको कुरा खुलाएर दूतावासको ईमेल वा हटलाइन नम्बरमा ह्वाट्स एपबाट फोन गरेर समेत निवेदन दिन सकिने छ । स्वदेश फर्किनुपर्ने कामदारले निवेदनको साथमा भिसा लागेको राहदानीको प्रति र करारपत्रको प्रतिलिपि पनि राख्नुपर्ने छ । घर फर्किनुपर्ने बाध्यतामा रहेका कामदारहरुलाई जहाज टिकट उपलब्ध नगराउने रोजगारदाताको मागपत्र ५ वर्षसम्म प्रमाणीकरण नगरिने नेपाली दूतावासले स्पष्ट पारेको छ ।

### वैदेशिक...

सरुवा भई गएपछि केही दिन यता उक्त कार्यालय निमित्त प्रमुखको भरमा सञ्चालन हुँदै आएको थियो ।

बुधबार एक संक्षिप्त कार्यक्रमकाबीच कार्यालयका निमित्त प्रमुख छत्र शाहलगायतका कर्मचारीहरुले नवनियुक्त कार्यालय प्रमुख कुँवरलाई स्वागत गरे ।

केही दिनअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बढुवा भएका नयाँ १० जना सहसचिवहरुको पदस्थापन र अन्य १६ जना गरी २६ जना सहसचिवहरुको एकैसाथ सरुवा गरेको थियो । उक्त सरुवामा काठमाडौं कार्यालयका प्रमुख बस्नेत गृह मन्त्रालयमा सरुवा भएर गएका थिए भने सहसचिव कुँवर श्रम मन्त्रालय आएकी हुन् । कुँवर तत्कालीन राजप्रासाद सेवाबाट सेवा प्रवेश गरेकी कर्मचारी हुन् ।

यसैवीच संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले श्रम मन्त्रालयका सहसचिव बाबुराम अधिकारीलाई प्रदेश नं. ५ को अर्थ मन्त्रालयमा सरुवा गरेको छ भने सो स्थानमा युवा तथा खेलकुद मन्त्रालयका सहसचिव विनोद कुमार सिंहलाई पठाएको छ ।

### महिला...

ल्याइएको प्रहरीको भनाइ छ । तामाङविरुद्ध मानव बेचबिखन तथा ओसारपसार ऐन विरुद्धको अपराधमा अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# १४ जिल्लाका विभिन्न क्षेत्रमा निषेधाज्ञा जारी

**काठमाडौं/मस-** कोरोना भाइरस(कोभिड-१९) को महामारी नियन्त्रणका लागि देशका १४ जिल्लाका विभिन्न क्षेत्रमा निषेधाज्ञा जारी गरिएको छ । सरकारले देशमा कोरोना संक्रमण बढ्दै गएको अवस्थामा कोरोनाको अवस्थालाई हेरेर बन्दाबन्दी गर्ने वा खोल्ने अधिकार सम्बन्धित जिल्ला र स्थानीय तहलाई दिएसँगै १४ जिल्लाका विभिन्न क्षेत्रमा निषेधाज्ञा जारी गरिएको हो । गृह मन्त्रालयका अनुसार निषेधाज्ञा जारी गरिएका जिल्लामा सप्तरी, धनुषा, नुवाकोट, बाँके, मोरङ, पर्सा, बारा, महोत्तरी, झापा, सुनसरी, बझाङ, दार्चुला, सर्लाही र स्याङ्जा रहेका छन् ।



सप्तरी, बाँके, पर्सा, बारा, सर्लाही र स्याङ्जा जिल्लाभर निषेधाज्ञा जारी गरिएको छ भने पर्सा, बारा र सर्लाहीमा अनिश्चितकालीन निषेधाज्ञा गरिएको छ । यस्तै सप्तरीमा साउन २६, बाँकेमा साउन २४ र स्याङ्जामा साउन २३ गतेसम्म निषेधाज्ञा जारी गरिएको छ ।

दार्चुलाको मार्मा गाउँपालिका, झापाको बिर्तामोड र अर्जुनधारा नगरपालिका, मोरङको विराटनगर महानगरपालिका, सुनसरीको बराह क्षेत्र नगरपालिकाको वडा नम्बर ६, ७ र ८, महोत्तरीको जलेश्वर नगरपालिका र महोत्तरी गाउँपालिका, धनुषाको जनकपुरधाम उपमहानगरपालिका र क्षीरेश्वरनाथ नगरपालिका, नुवाकोटको सदरमुकाम क्षेत्र, बझाङको थलारा गाउँपालिका-५ र केदारस्यू गाउँपालिका ६ र ७ मा निषेधाज्ञा जारी गरिएको गृह मन्त्रालयले जनाएको छ ।

रौतहटमा शनिबारदेखि

जिल्ला प्रशासन कार्यालय रौतहटले शनिबारदेखि लागू हुने गरी निषेधाज्ञा जारी गरेको छ । कोरोना भाइरस संक्रमणको जोखिम कम गर्न स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ तथा संक्रमण रोग ऐन, २०२० को दफा २ बमोजिम साउन २४ गते शनिबारदेखि साउन ३२ गतेसम्मका लागि जिल्लाभर निषेधाज्ञा जारी गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेका अनुसार जिल्लाको गौर, राजदेवी, चन्द्रपुर लगायतका स्थानीय तहमा समुदायका केही व्यक्तिहरुमा कोरोना संक्रमण देखिएका कारण समुदायमा संक्रमण फैलिन नदिन निषेधाज्ञा जारी गर्ने निर्णय गरिएको हो ।

जिल्ला प्रशासन कार्यालयले बुधबार जारी गरेको सूचनामा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्तिलाई घर बाहिर निस्कन निषेध गरिएको उल्लेख छ । स्वास्थ्य, विद्युत्, दूरसंचार, खानेपानी, दूध, फोहर मैला व्यवस्थापन, ग्यास, पेट्रोलियम पदार्थ, औषधी, खाद्यान्न, तरकारी आपूर्ति बाहेकका अन्य सबै निकाय र सेवालाई पनि निषेध गरिएको छ भने एम्बुलेन्स, शव बाहन, दमकल लगायत सवारी पास प्राप्त सवारी साधनलाई मात्र सञ्चालनको अनुमति दिएको छ । भारत लगायतका अन्य मुलुकबाट हुने सबै प्रकारको आवगमनलाई रोक लगाएको र सीमा नाकाहरु पूर्ण रुपमा सिल हुने समेत प्रशासनले जनाएको छ । निषेधाज्ञाको उल्लङ्घन गर्नेलाई ऐन बमोजिम कारबाही हुने सूचनामा उल्लेख छ ।

# खाद्य सामग्री वितरण : बालबालिकाको पोषण र सिकाइमा सहयोग



**काठमाडौं/रासस-** सरकारलेसंयुक्त राष्ट्र, विश्व खाद्य कार्यक्रमसँगको सहकार्यमा सुदूरपश्चिम र कर्णाली प्रदेशका ग्रामीण क्षेत्रका बालबालिकालाई चामल, दाल र वनस्पति तेल वितरण गरेको छ । कक्षा १ देखि ८ सम्मका बालबालिकाहरुलाई अमेरिकन सरकार प्राप्त करिव एकहजार ५०० मेक्ट्रिक टन ती खाद्य सामग्री वितरण गरिएको हो ।

विगतमा प्राप्त गर्ने गरेको विद्यालय पौष्टिक खानाबाट हाल ती बालबालिका वञ्चित रहेका जनाइएको छ । कोरोनाको जोखिम हुन नदिन विद्यालय बन्द हुँदा उनीहरु पौष्टिक खानाबाट वञ्चित रहेका थिए । विद्यालय वन्द हुँदा बालबालिकाको सिक्ने क्षमतालाई नभई पौष्टिक खाना र स्वास्थ्य सहयोगका योजनाको पहुँचलाई समेत असर पुऱ्याएको यहाँस्थित विश्व खाद्य कार्यक्रमले जनाएको छ ।

कार्यक्रमद्वारा बुधबार यहाँ जारी विज्ञप्तिमा गत चैत महिनामा लकडाउन जारी भएपछि नेपालमा दुईलाख ५० हजारभन्दा बढी बालबालिका विगतमा विद्यालयमा प्राप्त हुने गरेका पौष्टिक खानाबाट विमुख रहेका जनाइएको छ । यी पौष्टिक खानामा धेरै बालबालिकाहरु भर पर्ने गरेका थिए । अमेरिकी सरकारबाट प्राप्त सहयोगले यस क्षेत्रका एक लाख ५० हजार संकटासन्न घरपरिवारलाई सहयोग पुग्ने विश्वास गरिएको छ ।

'हामी मध्येकै सवैभन्दा संकटासन्नलाई सहयोग र संरक्षण गर्न नेपालसँग हातेमालो गर्न पाउँदा अमेरिकी सरकार गर्वान्वित छ ।' नेपालका लागि अमेरिकी राजदुत ऱ्यान्डी बेरी भन्छन्, 'सुदूर पश्चिम र कर्णाली प्रदेशका विद्यालय वालवालिकाहरुलाई रासन वितरण गर्न संयुक्त राष्ट्र विश्व खाद्य कार्यक्रम र नेपाल सरकारसँग हाम्रो साझेदारीले यस जटिल अवधिभर १ लाख ५० हजार घरपरिवारलाई सहयोग पुऱ्याउनेछ ।'

सन् २००५ देखि अमेरिकाको कृषि विभागअन्तर्गतको म्याकगभर्न डोल शिक्षाका लागि खाद्यान्न र वालपोषण कार्यक्रमले नेपालमा विश्व खाद्य कार्यक्रमको दिवा खाजा कार्यक्रमलाई सहयोग गरिरहेको छ । एकासी मिलियन अमेरिकी डलर भन्दा बढीको योगदानबाट अमेरिकी म्याकगभर्न डोलले दुई लाख ५० हजार भन्दा वढी बालबालिकाहरुलाई विश्व खाद्य कार्यक्रमको दिवा खाजा कार्यक्रम मार्फत दैनिक पौष्टिक खानामा पहुँच पुऱ्याउन सहयोग गरेको विज्ञप्तिमा उल्लेख छ ।

विश्व खाद्य कार्यक्रमका देशीय निर्देशक तथा प्रतिनिधि पिप्पा ब्रैडफोर्ड भन्छन्, 'बन्दाबन्दीले अभिभावकहरुलाई आफ्ना बालबालिकाहरुलाई घरैमा सन्तुलित र पौष्टिक खाना उपलब्ध गराउन धौ धौ पारेको छ । यी घरघरमा जाने रासनले बालबालिकाहरु घरैमा सिकाइ सुविधा प्राप्त गरुञ्जेल र विद्यालय नफर्कुञ्जेलका लागि अन्तरीम राहत प्रदान गर्नेछ । विशेषगरी, यस्तो अनिश्चित समयमा विद्यालय बालबालिका र नेपालका ग्रामीण परिवारलाई सहयोग गरेकोमा हाम्रो लामो समयदेखिको साझेदार अमेरिकी सरकारप्रति हामी आभारी छौं ।'

दीर्घकालिन र राष्ट्रिय स्तरबाट नै विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालनका लागि विश्व खाद्य कार्यक्रमले अमेरिकी म्याकगभर्न डोलसहयोग प्राप्त गरिरहेका विद्यालयहरु सरकारलाई हस्तान्तरण गर्न शुरु गरेको छ । लगभग ९५ हजार बालबालिका राष्ट्रिय दिवा खाजा कार्यक्रम एकत्रित भैसकेका छन् । कार्यक्रमले अमेरिकी सहयोगमा विद्यालयहरुमा स्थानीय खाद्यान्नहरुको आपूर्ति सुनिश्चित गरी व्यापक बनाउन र सामुदायिक स्वामित्व विस्तार गर्नका लागि थप प्रयास गरेको विज्ञप्तिमा जनाइएको छ ।

संयुक्त राष्ट्र विश्व खाद्य कार्यक्रम आपत्कालिन अवस्थामा जीवन वचाउने, द्वन्द्व, विपद् र जलवायु परिवर्तनको प्रभावबाट व्यक्तिहरुलाई पुनर्लाभ गरी समृद्धि निर्माण गर्ने र दिगो भविष्यलाई सहयोग पुऱ्याउने मानवीय संस्था हो ।

# जिउँदो हुने विश्वासमा पाँच दिनसम्म घरमै शव



**टीकापुर/मस-** कैलालीको टीकापुर-१ गणेशपुर शिविरमा मरेको मानिस जिउँदो हुने विश्वासले पाँच दिनसम्म लास घरमै राखिएको छ ।

स्थानीय दीपक चौधरीको घरभित्र शव गन्हाउन लागेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरिएको थियो ।

बस्ती सुरक्षा समितिका संयोजक बुद्धि दमाईले प्रहरीलाई खबर गरेपछि इलाका प्रहरी कार्यालय टीकापुरबाट प्रहरी घटनास्थल पुगेको थियो । शक्तिनगर शिविरका अगुवा मोतीराम डगौरा मुटुको बिरामी थिए । कोहलपुरमा उपचारपछि घर फर्केका मोतीरामको मृत्यु भएको थियो । मृत्युपछि पाँच दिनअघि थप उपचारका लागि पाष्टरको घर ल्याइएको मोतीरामका २१ वर्षका छोरा ईश्वर डगौराले बताए ।

पाष्टर र धर्मप्रति विश्वासमा परेका ईश्वर सात दिनपछि बाबु उठ्ने विश्वासमा थिए । पाष्टर चौधरी पनि शवमा पसिना आएर गन्ध आएको र उठ्ने विश्वासमै थिए । तर मंगलबार बिहान गन्धले खाना खान नसकी छिमेकीको घरमा गएको उनी बताउँछन् । पाष्टर दीपकले टीकापुर नगरपालिका-४ का एक जनाको शरीरमा लागेको घाउ सञ्चो भएको विश्वासमा मोतीराममलाई प्रार्थना गरेर राखिएको बताए । मंगलबार दिउँसो मोतीरामको शरीर हेर्दा सडेर गन्हाइसकेको थियो । प्रहरी पुगेपछि ५ बजेतिर शव उठाएर टीकापुर अस्पताल ल्याइएको इलाका प्रहरी कार्यालय टीकापुरका प्रमुख प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले बताएका छन् ।

# कक्षा ११ को परीक्षा शुल्क फिर्ता हुने




**काठमाडौं/मस-** वार्षिक परीक्षा विद्यालय नै लिने भएपछि कक्षा ११ का विद्यार्थीले राष्ट्रिय परीक्षा बोर्डमा बुझाएको परीक्षा शुल्क फिर्ता हुने भएको छ ।

बोर्डले परीक्षार्थीले बुझाएका ६०० रुपैयाँमध्ये ४०० फिर्ता गर्न लागेको हो ।

बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्यालका अनुसार परीक्षा सञ्चालन तयारीमा भएको खर्चबापत प्रति विद्यार्थी रु.२०० कट्टा हुनेछ । बोर्डका अनुसार विद्यार्थीहरूको फिर्ता रकम कक्षा १२ को परीक्षा शुल्कमा मिलान गरिने भएको छ । कक्षा ११ को परीक्षा सञ्चालन, व्यवस्थापन, मूल्यांकन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधिमा कक्षा ११ को वार्षिक परीक्षा सम्बन्धित विद्यालयले नै सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

कार्यविधिमा नोवेल कोरोना भाइरस (कोभिड-११) महामारीका कारण स्थगित कक्षा ११ को परीक्षा आगामी माघ भन्दा अगाडि लिइसक्नुपर्ने उल्लेख छ । आंशिक तथा ग्रेड बृद्धि परीक्षार्थीले भने २०७७ सालको कक्षा १२ को वार्षिक परीक्षा सञ्चालन हुनुपुर्व परीक्षा दिइसक्नु पर्दछ ।

बोर्डले लिने कक्षा १२ को वार्षिक परीक्षामा सहभागी हुन परीक्षार्थीले कक्षा ११ का हरेक विषयमा सैद्धान्तिकतर्फ न्यूनतम 'डी प्लस' र प्रयोगात्मकतर्फ 'सी' ल्याउनुपर्ने व्यवस्था गरिएको छ । नियमिततर्फ कम्तीमा ७० प्रतिशत हाजिरी भएका विद्यार्थीहरूलाई मात्र विद्यालयबाट लिइने अन्तिम परीक्षामा सहभागी गराइने निर्देशिकामा उल्लेख छ । कोरोना भाइरस संक्रमणको जोखिमका कारण सरकारले कक्षा ११ र १२ को वार्षिक परीक्षा स्थगित गरेको थियो । कक्षा ११ को परीक्षा बैशाख २१ गतेबाट शुरु गर्ने कार्यतालिका थियो ।

# ६ लाखको पीसीआर जाँच गरिने



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले बढीभन्दा व्यक्तिको कोरोना जाँच गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।


मन्त्रालयद्वारा बुधबार विभिन्न सञ्चारगृहका सम्पादकहरुसँगको अन्तक्रियामा मन्त्री ढकालले घटीमा ६ लाखसम्मको पीसीआर जाँच गरिने बताए । यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले दुई प्रतिशत जनसंख्याको जाँच गरिने बताएका थिए । मन्त्री ढकालले भने, 'आवश्यकताअनुसार परीक्षण गर्दै लगिने छ । सीमाबाट हिँडेर आउनेलाई १४ दिन क्वारेन्टिनमा राखिने छ र पीसीआर टेष्ट गरिने छ । हवाइजहाजबाट आउनेलाई पाँच दिन राखिने छ ।' बन्दाबन्दीबाट मुक्त भएकाहरु असावधान हुँदा जोखिम बढेको बताउँदै अब पहिले जस्तो सोलोडोलो बन्दाबन्दी नहुने पनि उनले स्पष्ट पारे । 'बन्दाबन्दीको मोडालिटीबारे सोचिने छ' उनले भने ।

उनका अनुसार चाडपर्व मनाउने प्रोटोकलबारे मन्त्रिपरिषद्बाट पारित भइसकेको छ । तराईका जिल्लामा कडाइका साथ व्यवस्थापन गरिने छ । आगामी भदौ १ गतेदेखि खुल्ने भनिएका हवाइजहाज, लामो दूरीका सवारी साधन र विद्यालयबारे पनि सोचिने बताउँदै उहाँले भारतको अवस्था हेरी हाम्रो अवस्था निर्धारण हुने संकेत गरे । उनले मन्त्रालयमा भएको भनिएको अनियमितता र भ्रष्टाचारबारे छानबिन गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण पनि गराए । मन्त्री ढकालका अनुसार कोरोनाबाट मृत्यु हुने प्रतिशत नेपालमा शून्य दशमलव २७ मात्र छ जुन विश्वका अन्य मुलुकका दरभन्दा कम छ । विश्व स्वास्थ्य संगठन र केही मुलुकले नेपालमा कोरोना भाइरस नियन्त्रण र व्यवस्थापन राम्रो बताएका छन् ।

यसैबीच स्वास्थ्य सचिव लक्ष्मण अर्यालले कोरोना नियन्त्रण एवं रोकथाममा भएका खर्चको साप्ताहिक विवरण दिइने जानकारी दिए । उनले जोखिम नियन्त्रणका लागि समन्वय, सञ्चार र समुदायको सहभागितामा जोड दिइने बताउँदै सवारी साधनमा जोरबिजोर लागु गर्ने, हिँडडुलमा नियन्त्रण गर्ने, मानिस प्रवेश गर्ने २० नाकालाई १० मा झार्ने र विदेशबाट आउनेलाई १४ दिन क्वारेन्टिनमा राख्नेबारे सोचाइ भइरहेको जानकारी दिए ।

मन्त्रालयका सल्लाहकार डा.खेम कार्कीले भेन्टिलेटर मात्र नभई अक्सिजन आपूर्ति प्रशस्त हुनुपर्ने बताउँदै कसैमा ५७ दिनपछि पीसीआर जाँच गर्दा पुनः कोरोना पोजेटिभ भएको जानकारी दिए । उनले समुदायस्तरमा महामारी नफैलिए पनि वीरगञ्जमा लोकल ट्रान्समिसन(क्लष्टर अफ केसेस) पाइएको भने स्वीकारे । मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले मिडियालाई रचनात्मक सुझाव एवं पृष्ठपोषणका लागि आग्रह गरे ।

# बजार अनुगमन बढाउन जनशक्ति थप




**काठमाडौं/मस-** बजारमा ठगीका घटना बढेपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले थप २० जना जनशक्ति वाणिज्य विभाग पठाएको छ ।

बजार अनुगमनमा तीब्रता दिन उद्योग, खानी र नापतौल गरी तीन वटा विभाग तथा मन्त्रालयको गरी चार चार जनाको पाँच टोली विभागमा पठाइएको मन्त्रालयले जनाएको छ ।

बुधबार विभाग हाजिर भएका कर्मचारीलाई बजार अनुगमनबारे प्रशिक्षित गरेर अनुगमनमा खटाइएको विभागका प्रवक्ता एवं सूचना अधिकारी रविन्द्र आचार्यले जानकारी दिए । उनका अनुसार तरकारी, चिनी, पानी लगायतका वस्तुमा ठगी मौलाएको र विभागको अनुगमन जनशक्ति अपुग भएपछि मद्दत टोली ल्याइएको हो । यसअघि विभागमा बजार अनुगमन गर्ने तीन वटा मात्रै टोली थिए । थप २० जनाको पाँच टोली र साबिककै तीन टोलीबाट अब दैनिक अनुगमन हुने प्रवक्ता आचार्यले बताए ।

# खोटाङमा 'तपाईंको मास्क खै' अभियान



**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, २१ साउन

दश स्थानीय तह रहेको खोटाङमा 'तपाईंको मास्क खै' अभियान शुरु गरिएको छ । कोभिड-१९ को जोखिम न्यूनीकरण गर्न तथा जनचेतना मूलक सन्देश फैलाउँदै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, उद्योग वाणिज्य संघ र नेपाल रेडक्रस सोसाइटीको संयुक्त आयोजनामा' तपाईंको मास्क खै' अभियान शुरु गरिएको हो ।

सरकारले लागु गरेको बन्दाबन्दी हटेपनि कोरोना भाइरस संक्रमणको जोखिम कायम रहेकाले नागरिकलाई अनिवार्य मास्क लगाउन आग्रह गर्दै 'तपाईंको मास्क खै' अभियान शुरु गरिएको नगरप्रमुख दीपनारायण रिजालले बताए । 'खोटाङमा कोरोना संक्रमण मुक्त भएसँगै सर्वसाधारण मास्क नलगाइ हिड्न थालेका छन्', उनले भने, 'बन्दाबन्दी हटेसँगै कोरोना भाइरसको संक्रमण बढ्ने सम्भावना रहेकाले सर्वसाधरणलाई अनिवार्य मास्क लगाउनु पर्छ भन्ने उद्देश्यका साथ संयुक्त अभियान थालेका हौं ।'

अभियानको पहिलो बुधबार दिकतेल बजारमा मास्क नलगाइ हिँडेका सर्वसाधरणलाई निःशुल्क मास्कसमेत वितरण गरिएको थियो । अभियान सफल पार्न जनपथ र सशस्त्र प्रहरी टोली परिचालन गरिएको छ । अहिले खोटाङ कोरोना संक्रमण मुक्त भएपनि पुनः संक्रमण देखिन सक्ने भएकाले घरबाहिर हिडडुल गर्दा अनिवार्य मास्क लगाउनु पर्ने, मास्क नलगाइ हिँडडुल गरेको साथै सामाजिक तथा भौतिक दूरी कायम नगरिएको भेटिएमा संक्रमक रोग ऐन २०२० अन्तरगत कारबाही गरिने प्रमुख जिल्ला अधिकारी शालिकग्राम शर्मा पौडेलले बताए ।

'सरकारले लागू गरेको नियम उलंघन गरेको पाइएमा एक महिनासम्म कैद वा रु१०० जरिवाना वा दुबै सजाय गरिनेछ', उनले भने, 'ऐन अन्तरगत काममा खटिएका आधिकारिक व्यक्तिलाई काममा बाधा पुऱ्याउनेलाई छ महिनासम्म कैंद जरिवाना वा दुबै सजाय गरन्छ ।'

दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा बुधबारदेखि शुरु गरिएको अभियानलाई आगामी दिनमा पनि सञ्चालन गरिने बताइएको छ । अभियानलाई गाउँगाउँसम्म पुऱ्याउन मातहतका प्रहरीलाई निर्देशन दिइएको प्रजिअ पौडेलले जानकारी दिएका छन् ।

## सम्पादकीय

# सीमान्त नागरिकको समस्या

कोभिड महामारीका कारण नेपालमा एक चौथाईँ श्रमिकले रोजगार गुमाएको नेपाल राष्ट्र बैंकले गरेको एक सर्वेक्षणले देखाएको छ । ५२ जिल्लाका ६७४ उद्योगीसँग गरिएको सर्वेक्षणले एक चौथाईँ श्रमिक बेरोजगार भएको नतिजा निकालेको छ । रोजगार गुमाउनेमा होटल, रेष्टुरेन्ट, यातायात तथा भण्डारण क्षेत्रका छन् । शिक्षा क्षेत्रमा पनि रोजगार गुमाउने धेरै छन् । उक्त सवेक्षणले ३०.५२ प्रतिशत श्रमिक घरेलु उद्योगसँग जोडिएका छन् । अर्थात्, अस्थायी र करारका श्रमिक बेरोजगार बनेका छन् ।

५० करोड भन्दा बढीको पूँजीमा सञ्चालित उद्योगमा काम गर्नेहरू पनि बेरोजगार बनेका छन् । तर, घरेलु कामदार भन्दा धेरै कमले मात्रै ठूलो उद्योगका श्रमिकले रोजगार गुमाएका छन् । ठूला उद्योगमा काम गर्ने १४ प्रतिशत श्रमिक बेरोजगार बनेका छन् । उक्त सर्वेक्षणअनुसार, लकडाउनका कारण ६१ प्रतिशत उद्योग व्यवसाय पूर्ण रूपमा बन्द भएका छन् भने अधिकांश व्यवसायको कारोबार घटेको छ । अस्थायी र करारमा काम गर्ने श्रमिकहरूको १८.२ प्रतिशत तलब कटौती भएको छ । राष्ट्र बैंकले लकडाउनको पाँच महिनामा पहिलो पटक सर्वेक्षण गरेको हो । अर्थात्, कोभिड महामारीको जोखिम कायमै रहेकाले अझ बढी क्षति पुग्ने अनुमान छ ।

सर्वेक्षण अगाडि नै थुप्रै क्षेत्रमा ठूलो नोक्सान पुगिसकेको छ । नेपाल पत्रकार महासँघ त आन्दोलनमै छ । ठूला सञ्चार गृहहरूले धमाधम कर्मचारीलाई निष्कासन गर्न थालेपछि महासँघले चरणबद्ध आन्दोलन गरिरहेको छ । आन्दोलन गर्न सक्ने रूपमा संगठित भएका धेरै क्षेत्र अझै मौन छ भने असंगठित मजदुरको अवस्था भयावह बनेको छ । लकडाउनको केही हप्ताभित्रै न्यून आय भएका श्रमिकहरूको कष्ट छताछुल्ल भइसकेकै छ । पूर्वको सोलुखुम्बुबाट सुदूरपश्चिम कैलालीसम्म पैदल हिँडेर पुग्नुको अर्थ न्यून आय भएकाहरूलाई बाँच्न निकै कठिन हुँदै जानुको ज्वलन्त उदाहरण हुन् ।

राष्ट्र बैंकको सर्वेक्षणले पनि न्यून आय भएका तर, असंगठित रूपमा क्रियाशील मजदुर नै बेरोजगार भएको देखाएको छ । यस्तो बेला सरकारको विशेष ध्यान तिनै असंगठित न्यून आय भएका मजदुरतर्फ नै तानिन जरूरी छ । त्यसै पनि कम्युनिष्ट पार्टी सत्तासीन हुनुमा तिनै मजदुर वर्गको संवेदनालाई हतियार बनाउनु पनि हो । देशमा विद्यमान कम्युनिष्ट सरकारले चालु आर्थिक वर्षको बजेटमा ती न्यून आय भएका सीमान्त नागरिकलाई सम्बोधन हुने ठोस् कुनै कार्यक्रम ल्याएन । यसले नेकपा सरकारको बद्नामी आफ्नो ठाउँमा भइरहेकै छ । तर, वर्तमान सरकारमा रहेकाहरूको पृष्ठभूमि नहेरी भन्दा पनि लकडाउनका कारण अर्थतन्त्रमा पुगेको भयावह असरबाट न्यून आय भएका सीमान्त नागरिक बचाउनु अहिलेको प्रमुख दायित्व हो । सरकारको शिघ्रताशिघ्र यसतर्फ ध्यान जाओस् ।

# सामाजिक सुरक्षामा जानैपर्ने बाध्यता



■ पदमराज अवस्थी

“

श्रम बजारलाई स्थिर बनाउन, श्रमिकको आर्थिक हक संरक्षण गर्न र व्याप्त श्रम शोषण अन्त्य गर्न सम्पूर्ण श्रम बजार सामाजिक सुरक्षा योजनामा सहभागी हुनुको अर्को सहज र उत्तम विकल्प छैन । विभिन्न स्किमहरूलाई उत्कृष्ट बनाउन प्रकान्तरमा सामाजिक सुरक्षा योजनामा निखारता ल्याउँदै जाने विषय बहसको पाटो हो ।

कोरोनाका कारण हजारौं श्रमिक बाटोमा अलपत्र परिरहँदा मजदुरको नाममा राजनीतिक बाली उठाउनेहरू सिंहदरबार र हेटौंडामा चयनको दिनचर्या बिताइरहेको भन्दै मजदुर शिराका राजनीतिकर्मीहरूको शून्य भूमिकाको आलोचना चौतर्फी भइरहेको छ । काम गर्न नसक्ने अवस्थामा भएका उपभोक्ता अर्थात् जनताको क्रयशक्तिलाई निरन्तर क्रियाशील गराउन सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालनमा ल्याइन्छ । बच्चाले काम गर्न सक्दैन, तर उसलाई पनि खाना चाहिन्छ भनेर बालभत्ता, उमेर ढल्केपछि हातपाउ चल्दैनन् भनेर वरिष्ठ नागरिक भत्ता, सुत्केरी भएको बेला काम गर्न कठिन भएकाले सुत्केरी भत्ता, काम गर्ने तीव्र इच्छा भएर पनि बेरोजगार भएकालाई बेरोजगार भत्ता, सामाजिक उत्पीडनमा परेका अल्पसंख्यकका लागि संरक्षण भत्तालगायतको व्यवस्था गरेर सरकारले नागरिकको बाँच्न पाउने अधिकार सुनिश्चित गरेको हुन्छ ।

बचतलगायतका वित्तीय आधार कम तर परिवारमा आश्रित सदस्यहरूको संख्या बढी हुने भएकाले विपद्का बेलामा विश्वव्यापी रूपमा श्रमिकहरू नै मर्कामा पर्ने हुन् । श्रमिकहरूमा पनि औपचारिक क्षेत्रमा काम गर्ने भन्दा पनि अनौपचारिक क्षेत्रमा काम गर्ने र स्वालम्बनमा लागेकाहरू बढी समस्यामा जाने गरेका छन् । कति श्रमिक कहाँ-कहाँ काम गरिरहेका छन् भन्ने तथ्यांक सरकारसँग नहुँदा सरकारले ल्याएको तहगत राहत प्याकेजसमेत प्रभावकारी हुन सकेको छैन । यस्तै दुःखपीडाका बेलामा चाहिन्छ भनेर लामो समयको प्रयासपछि नेपालमा पनि सामाजिक सुरक्षा योजना कार्यान्वयनमा आएको छ । सामाजिक ऐक्यबद्धताको सिद्धान्तअनुसार बढी आम्दानी भएकाले सामाजिक सुरक्षा कोषमा बढी योगदान गर्ने र सो रकमको पुलिङबाट जोखिममा परेका निम्न आय समूहका सदस्यको आर्थिक कल्याण गर्नुपर्ने भएकाले सामाजिक सुरक्षा कार्यक्रम सबैभन्दा पहिले औपचारिक क्षेत्रबाट सुरु गर्ने गरिन्छ ।

तर, नेपालमा औपचारिक क्षेत्रले सुरुमा तत्परता देखाएन । यसको पछाडिका कारणहरूमा सामाजिक सुरक्षा योजनाका स्किमहरू सुरुवाती चरणमा आकर्षक हुन नसक्नु, रोजगारदाता र श्रमिकको स्वार्थबीच द्वन्द्व देखा पर्नु र कतिपय व्यक्तिलाई संगठनमा नेतृत्व सम्हाल्ने इच्छा हुनु आदि हुन् । यद्यपि कोरोना कहरका बीच सरकारले सामाजिक सुरक्षा कोषमा आबद्ध सदस्यहरूको चैत महिनाको योगदानस्वरूप १८ करोडजति अनुदान दिने निर्णय गरेको छ । यो निर्णय भएपछि लकडाउनकै अवधिमा ४ हजार श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन् । सरकारले देखाएको सो तदारुकताबाट हौसिएर अन्य धेरै रोजगारदाता आबद्ध हुन कोषसँग कुरा गरिरहेको कोषका कार्यकारी निर्देशक कपिल ज्ञवाली बताउँछन् । उनी भन्छन्, “बिमा कम्पनीहरूले महामारीले निम्त्याउने क्षतिको क्षतिपूर्ति दिन सक्दैनन् । तर, सामाजिक सुरक्षा कार्यक्रम राज्यको दायित्वभित्र पर्छ । असीमित दायित्व सिर्जना भएछ भने पनि राज्यले बहन गर्ने क्षमता राख्छ । त्यसैले पनि युद्ध र आर्थिक मन्दीले धेरै देशमा सामाजिक सुरक्षा कार्यक्रमको औचित्य पुष्टि गरेको इतिहासले देखाउछ ।”

लकडाउनको सुरक्षित अवतरण पछि सामाजिक सुरक्षा कार्यक्रम प्रवर्द्धन गर्ने उर्वर समय हो, किनभने नेपालभित्र मात्र होइन, देशबाहिर काम गर्ने नेपाली श्रमिकसमेत मर्कामा परेका छन् । सम्बन्धित राष्ट्रका सरकारले आफ्ना नागरिक फिर्ता लैजान पटक-पटक ताकेता गर्दै आएका छन् । यसले श्रमिकको अनिश्चित भविष्य उजागर गर्छ । तसर्थ भविष्य कष्टकर नहोस् भनेर श्रमिकले आय आम्दानी भएका बेला योगदान गर्नुपर्छ भनेर चेतना बीजारोपण गर्ने यो उत्तम समय हो । यस्तो महामारीमा कतिपय संस्था बन्द हुन सक्ने भए पनि श्रमिकले सामाजिक सुरक्षा कोषमा गरेको योगदान सुरक्षित रूपमा श्रमिककै नाममा रहिरहन्छ । रोजगारी परिवर्तन गरी साविकभन्दा अन्यत्र ठाउँमा काम गरेमा पनि पहिले योगदान गरिरहेकै खातामा योगदान रकम थप्दै जान सकिन्छ र रोजगारीको सिलसिलामा देश परिवर्तन भएमा एक देशमा काम गर्दा योगदान गरेको खातामा नै क्रेडिट ट्रान्सफरको माध्यमबाट अर्को देशबाट समेत योगदान रकम थप्दै जान सकिन्छ भनेर सरकारले अहिले पनि बुझाउन सकेन भने सामाजिक सुरक्षा कार्यक्रमका लागि महाभूल सावित हुनेछ ।

निजी क्षेत्रले सामाजिक सुरक्षा कार्यक्रममा सरकारले विभेद गरेको भन्दै समता निरुपण नभएसम्म कार्यक्रममा सहभागिता नजनाउने भने पनि यो सरकारसँग भन्दा पनि रोजगारदातासँग जोडिएको प्रश्न भएको जानकारहरू बताउँछन् । सरकारी कर्मचारीको हकमा सरकार रोजगारदाता हो भने अन्य कर्मचारीको हकमा निजी प्रतिष्ठानहरू रोजगारदाता हुन् । रोजगारदातासँग भएको स्रोतका आधारमा केही सुविधा थपघट हुने गर्छन् । सरकारसँग तुलनात्मक रूपमा स्रोत बढी हुने भएकाले सरकारी कर्मचारीले बढी सुविधा पाउने देखिएको हो । कार्यकारी निर्देशक ज्ञवाली भन्छन्, “सुविधाकै कुरा गर्ने हो भने त हिजोका दिनमा विभेद उच्च थियो । सरकारी कर्मचारीका लागि पेन्सन उपलब्ध हुँदा निजी क्षेत्रका श्रमिक रित्तो गोजीमा कष्टकरपुर्ण बुढ्यौली बहन गर्थे । अझ निजी क्षेत्रभित्र त झन् विभेद छ । सम्पूर्ण विभेद अन्त्य गर्ने भनेर नै त यो योजना सुरु गरेको हो ।”

आज हाम्रो श्रमबजारको समस्या छताछुल्ल भएको छ र प्रकोपको पहिलो तारोमा आर्थिक रूपले विपन्न ग्रामीण जनता र दोस्रो निशानामा स्वरोजगारमा आबद्ध बजार केन्द्रित श्रमिकहरू परेका छन । किनभने उनीहरू जीवनयापनका लागि प्रकृति अर्थात् खेतीपातीमा र दैनिक ज्यालामा निर्भर छन् । संक्रमणको उच्च जोखिमलाई मध्यनजर गरेर प्रायः सम्पूर्ण उद्योगहरू बन्द गरिँदा बेरोजगारीको दरमा तीव्र वृद्धि भएको छ । यस्तो प्रतिकूल अवस्थामा श्रमिकहरूले बाँच्न मात्रै पनि संघर्ष गरिरहनुपरेको छ र यसले सामाजिक सुरक्षा कार्यक्रमका लागि ठूलो दबाब सिर्जना गरेको छ । उदाहरणका लागि क्यालिफोर्निया मात्र २७ लाख क्यालिफोर्नियाली नागरिकले बेरोजगार बिमाको लागि आवेदन दिएका छन् । संघीय सरकारको महामारी बेरोजगारी सहायता कार्यक्रमबाट थप सहायता माग गरिएको छ । क्यालिफोर्नियाका गभर्नर गेभिन न्युसमका अनुसार हरेक हप्ता १० लाख बेरोजगार बिमासम्बन्धी दाबी प्रक्रिया अगाडि बढाउने गरिएको छ ।

नेपालमा पनि नयाँ युगको सुरुवात भन्ने भावनासहित सञ्चालनमा आएको सामाजिक सुरक्षा कार्यक्रमले अबको दिनमा कुन मोड लिन्छ भन्ने चासो बढ्न थालिएको छ । नेपालका लागि सामाजिक सुरक्षा कार्यक्रम नयाँ अवधारणा होइन । हिजोसम्म सरकारले श्रमजारमा सरकारी कर्मचारीको जिम्मा मात्र लिने गर्थ्यो र सरकारले नै तलबसहित उपदान र पेन्सनको व्यवस्था गर्ने गर्थ्यो । तर, सोही बजारमा समान समयमा एउटै प्रयत्नसहित निजी क्षेत्रमा काम गर्ने श्रमिकले भने काम गरेमा मात्र ज्याला पाउने र काम छोडिसकेपछि रित्तो हात घर फर्कने अवस्था छ । आर्थिक संरक्षणका हिसाबले सरकारले सरकारी कर्मचारीको मात्र जिम्मा लिने, बाँकी जनताको आर्थिक अधिकार संरक्षण नगर्ने चलनको अन्त्य गर्न गरिएको प्रयत्न मात्र हालको सामाजिक सुरक्षा योजनामा नयाँ कुरा हो ।


नेपालमा यो अभ्यास नयाँ भएकाले यसका सम्पूर्ण कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन् । हालसम्म कोषमा ८८ करोड योगदान रकम संकलन भएको छ । यो रकममा हुने वृद्धिसँगै सम्पूर्ण स्किम कार्यान्वयन आउँदै जानेछन् । श्रम बजारलाई स्थिर बनाउन, श्रमिकको आर्थिक हक संरक्षण गर्न र व्याप्त श्रम शोषण अन्त्य गर्न सम्पूर्ण श्रम बजार सामाजिक सुरक्षा योजनामा सहभागी हुनुको अर्को सहज र उत्तम विकल्प छैन । विभिन्न स्किमहरूलाई उत्कृष्ट बनाउन प्रकान्तरमा सामाजिक सुरक्षा योजनामा निखारता ल्याउँदै जाने विषय बहसको पाटो हो । रणहारपछि बेवारिसे भएका सैनिकझैं बाटो छेउछाउ सुतेका मजदुरहरूको अवस्था देख्दा शासकीय क्षमतामाथि गम्भीर प्रश्न उठेको छ । यदि यस्ता मजदुरहरूको आर्थिक हित संरक्षणमा ध्यान नदिने हो भने त यिनै मजदुरहरूले विद्रोहको बिज रोप्ने सम्भावनालाई नजर अन्दाज गर्न मिल्दैन ।

## सामाजिक सञ्जाल




स्वरोजगार युट्युबेलाई दिनहुँजसो बिजनेस दिएर देशमा रोजगारी सिर्जनादेखि वैदेशिक पुँजी भित्र्याउनेसम्मको योगदानका लागि डा. सुरेन्द्र केसी, मुकुन्दे, पुन्य गौतम, जेनी कुँवर, अघोरी बाबा, डिल्लीराम खनाल... लगायतलाई सम्मान गर्ने बेला भएन ?

– विपेन्द्र कार्की




पाकिस्तानले पनि नयाँ नक्सा जारी गरेको छ । नेपालले भारतले अतिक्रमण गरेको कालापानी र लिपुलेक र लिम्पियाधुरा समेटेर अस्ति नै नयाँ नक्सा सार्वजनिक गरिसकेको छ । नयाँ नक्सा जारी गर्ने पालो अब चीनको ? आफ्नै कारण नक्सा राजनीतिक बिबादमा फस्यो हिन्दुस्तान ।

– मात्रिका दाहाल



मन्दिरका पुजारीहरू जग्गाको व्यापार गर्छन् । देशका युवाजति सबै विदेश बेचिरहेछौं । नेताहरू हाम्रो सपनाको व्यापार गरिरहेछन् । तरपनि देश घाटामा छ ।

– आशिष ज्ञवाली



सरकारले कोरोना कन्ट्रोल गर्न नसकेकै हो । अब लकडाउन गरेर केही हुनेवाला छैन । कोरोनाले भन्दा धेरै मान्छे डिप्रेशनले बिरामी भैराछन् । सचेतना फैलाऔं सामाजिक दूरी कायम गरौं आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

– निरू

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# महिलाप्रति समाजले हेर्ने दृष्टिकोण



वीणा झा

अहिले कोरोना महामारीको सन्दर्भ र विषयलाई केन्द्रमा राख्दै आर्थिक, राजनीतिक, पर्यटन, कृषि, सांस्कृतिक जस्ता विभिन्न दृष्टिकोणको आधारमा दिनहुँजसो सरकारका विभिन्न निकायहरुमा छलफल गरिएको देखिन्छ । तर अचम्मको कुरा ! न त्यहाँ महिलाको सक्रिय सहभागिता भेटिन्छ, न त तिनका विषयवस्तुमाथि छलफल नै गरिन्छ ।

नेपालको जनसंख्याको आधारमा हेर्ने हो भने आधाभन्दा बढी प्रतिशत महिलाको छ । महिला शरीरका प्रत्येक कोषको बनावट, सामाजिकीकरण, भोगाइ, स्रोत-साधनमाथिको पहुँच र अनुभूतिका साथै तिनका आवश्यकता पुरुषभन्दा पृथक हुन्छन् । तिनका मानसिक मात्रै होइन, शारीरिक अवस्थाहरु पनि पुरुषभन्दा फरक हुन्छन् ।

यस्तोमा तिनका ती सबै आवश्यकता र अनुभूतिको प्रतिनिधित्व कसले गरिरहेको छ ? अझै प्रस्टरुपमा भन्दा हरेक महिना रगत बग्नु, असहज पीडाको भोगाइ, गर्भवती, सुत्केरी, घरेलु हिंसाजस्ता असहज अवस्थाहरुको अनुभूति एक महिलाले बाहेक अरुले गर्न सक्छ ?

यदि सक्दैन भने तिनका ती विशेष आवश्यकतालाई कसले र कसरी समेट्दै छ ? कुनै पनि समस्या समाधानको पहिलो खुट्किलो भनेको समस्याको सही पहिचान गर्न सक्नु हो, जब समस्याको बुझाइ पूर्ण हुँदैन भने त्यसको आधारमा दिने समाधान कसरी सही र पूर्ण हुन सक्छ ?

विभिन्न जल्दोबल्दो विषयलाई केन्द्रमा राखी विज्ञहरुसँगको छलफलमा मिडिया पनि सक्रिय भूमिकामा रहेको वर्तमान परिप्रेक्ष्यमा महिला र तिनका विषयवस्तु त्यहाँ पनि खासै समेटिएको देखिन्न । वैदेशिक रोजगारीका कारण प्रायः पुरुष विदेशिएको अवस्थाले गर्दा महिलाको संख्या अझ बढी छ भन्दा अत्युक्ति नहोला ।

कृषिदेखि दैनिक ज्याला मजदुरीमा समेत महिलाको भूमिका महत्वपूर्ण छ र पनि किन समाजका स-साना संगठनदेखि राज्यका महत्वपूर्ण समिति तथा संवैधानिक निकायहरुमा समेत तिनको पहुँचका साथै नेतृत्वदायी भूमिका अति न्यून वा शून्य छ ? महिलाविहीन मञ्चहरु, छलफलका टेबलहरुसँगै शून्य सहभागिता रहेको विषयगत समितिहरु देख्दा किन प्रश्न उठाइँदैन ? विश्व समाजलाई यसले कस्तो सन्देश दिन्छ ? महिलाका आवश्यकता चाहे सामान्य अवस्थामा होस् वा विषम परिस्थितिमा, उसको चाहना, समस्या र समाधान सबै पुरुषले अनुमान गर्छ र त्यो अनुमान सही हो कि होइन भनेर सोध्नसमेत जरुरी ठानिदैन ।

महिलाका लागि के सही र के गलत भन्नेसमेत निर्धारण गर्नेमा उसलाई सहभागी गराइन्न । यति मात्रै होइन, महिलाको हाँसो र आँसुलाई समेत अनुमानित कारणकै आधारमा व्याख्या गरिन्छ । आखिर किन हुन्छ त यस्तो ? के यी सबैका पछाडि प्रत्यक्ष देखिने ती पुरुषहरु नै हुन् ?

यी विषयलाई गहिरिएर हेर्ने हो भने, यसका पछाडि पितृसत्तात्मक समाजद्वारा निर्मित र संरक्षित सामाजिक मनोवृत्ति देखिन्छ । यो त्यो मनोवृत्ति हो, जसले महिलालाई सिर्फ एक वस्तुको रुपमा स्वीकार्छ । जहाँ एक महिला भनेको सही सोच्न नसक्ने, कमजोर मानसिकताको, निर्णय क्षमता नभएको र नेतृत्वदायी भूमिका निर्वाह गर्न नसक्ने भनी चित्रित गरिएको हुन्छ ।

त्यसैले गर्दा कतिपय सन्दर्भहरु हाम्रा सामु यस्ता हुन्छन्, जहाँ पितृसत्तात्मक संरचनामा पुरुष नियन्त्रित महिलालाई अटाइन्छ, जहाँ वर्चश्व र निर्णय पुरुषकै हुन्छ । विवेचनात्म्क चेत भएको महिलालाई सकेसम्म नेतृत्वदायी निर्णायक भूमिका दिइन्न । किनकि त्यहाँ पुरुष नियन्त्रण गुम्ने डर हुन्छ । यदि दिइयो भने पनि तिनका निर्णयहरुमाथि विश्वासको संकट उब्जिन्छ अर्थात् रुचाउन र पचाउन सकेको देखिन्न ।

नेपालको पच्छिल्ला ६ वटा संविधानदेखि लिएर अहिलेको सातौं संविधानमा समेत कतै पनि महिलालाई विभेद गर्नु, उसमाथि हिंसा गर्नु, उसलाई नियन्त्रित गरेर राख्नु, स्रोत-साधनमा र शक्तिको बाँडफाँडमा उसलाई अन्याय गर्नु भनेर उल्लेख छैन । तर पनि युगौंदेखि किन नेपाली महिला शोषित र पीडित बनाइयो ?

किन उसको गतिशीलतालाई विभिन्न नाममा नियन्त्रित गरियो ? स्रोत-साधनमाथिको पहुँच किन असमान बनाइयो ? अझै पनि शक्तिको बाँडफाँड किन असन्तुलित छ ? यी सबै प्रश्नको जवाफ पनि कुनै न कुनै रुपले महिलाप्रतिको सामाजिक मनोवृत्तिसँग जोडिन्छ ।

अब प्रश्न उठ्छ, महिलाप्रतिको यस्तो सामाजिक मनोवृत्तिको निर्माण कसरी हुन्छ ? के यस्तो मनोवृत्तिका साथ समृद्ध नेपाल र सुखी नेपाली बन्ने आकांक्षा पूरा हुन सम्भव छ ? लैंगिक समानतासम्बन्धी विश्वका विभिन्न सन्धि-सम्झौतामा आबद्धता व्यक्त गरेको नेपालले आफ्नो प्रतिबद्धता यसरी पूरा गर्न सक्छ ? यही नीति र गतिले आउँदो सन् २०३० सम्म नेपालको हरेक क्षेत्रमा बराबरी लैंगिक समानता ल्याउन सकिन्छ ? वर्तमान अवस्थाको आधारमा यी प्रश्नहरुको जवाफ हामी सबैले सहजै अनुमान लगाउन सक्छौं ।

तर यसको अर्थ यो कदापि होइन कि सामाजिक मनोवृत्तिको निर्माण प्राकृतिक हो । यो पूर्णतः मानव सिर्जित हुन्छ, जसको उत्पत्ति, संरक्षण र निरन्तरता नियतवश नै गरिएको हुन्छ । पुस्तौंपुस्ताको निरन्तरताले गर्दा ती सबै असमानताहरु प्राकृतिकझैं लाग्न थाल्छ ।

र, त्यसलाई बुझ्ने, बुझाउने वा परिमार्जन गर्ने प्रयास नै गरिन्न । विभिन्न डरको निर्माण जस्तो कि हाम्रो सामाजिक संरचना भत्किन्छ, सांस्कृतिक परम्परा बिथोलिन्छ वा यसले घर-परिवार नै बिग्रिन्छ जस्ता कुराहरु फिँजाइन्छ । जसको मूलमा ती स्वार्थी क्षमताविहीन चरित्रहरु हुन्छन्, जो सिर्फ पुरुष भएर जन्मेको कारणले लाभान्वित भैरहेका हुन्छन्, तिनलाई आफ्नो सहजता गुम्ने डर हुन्छ । यसलाई अझै प्रस्टरुपमा बुझ्न हाम्रा पाठ्यसामग्री, कथा, फिल्म तथा नाटकहरुका साथै विभिन्न उखानसमेत पितृसत्तालाई पक्षपोषण गर्न सहायक भैदिन्छन् । पुरुषार्थको परिभाषा भनेको महिलामाथिको नियन्त्रण हो भनेर बुझाइन्छ, जस्तोकि ‘पोथी बास्नु हुन्न’ ।

सीता र भृकुटीलाई तिनका सहनशीलता र आज्ञाकारिताको उदाहरण देखाउँदै पाठ्यपुस्तकमा समाहित गरिन्छ । अन्याय नसहनू भनेर कालीको कथा सुनाइँदैन । ज्ञानमा पुरुषभन्दा अगाडि महिला छिन् भन्दै सरस्वतीको उदाहरण दिइन्न ।

धर्म, विश्वास, संस्कृति आदिलाई आधार बनाउँदै समाजमा असल महिला र खराब महिला भनेर एउटा फ्रेम बनाइन्छ, जसमा अट्नका लागि तयार पारिएको गुण, लक्षण र दोषलाई यसरी सार्वजनिक गरिएको हुन्छ कि मानौं महिला एक निर्जीव वस्तु हो, जसलाई जसले जसरी परिभाषित गरे पनि हुन्छ । यहीँबाट सुरु हुन्छ महिलाप्रतिको सामाजिक मनोवृत्तिको निर्माण ।

सार्वजनिक सरोकारका विभिन्न छलफलहरुमा महिला दृष्टिकोण आवश्यक नठान्ने जमात अझै ठूलो छ । अझै पनि मञ्चमा महिला सहभागिता भनेको दियो बाल्न सघाइदिने, खादाको किस्ती समात्दै स्वागतमा सहयोग पुऱ्याइदिने नै हो भन्ने मानसिकता बोकेकाहरु धेरै भेटिन्छन्, जसको सोचमा महिला अधिकार भनेको पुरुषले दिने वस्तुको रुपमा रहेको देख्दा मनमा प्रश्न उब्जिन्छ- के कुनै महिला वा पुरुष जन्मकै आधारमा सक्षम वा अक्षम हुन्छन् ?

मञ्चमा निर्धक्क बोल्न सक्ने पुरुष अचानक त्यस्तो भए ? कि कैयौंपल्ट तिनका पनि खुट्टा कामे होलान्, घाँटी सुके होला ? के विषयगत विज्ञता र दक्षता भनेको अवसर र स्रोत-साधनमाथिको पहुँचको परिणाम होइन ? यी प्रश्नहरुको जवाफ मनमा राखेका जमात पनि सानो छैन तर प्रस्ट प्रकट हुन चाहन्नन् ।

किनकि यथास्थितिले कुनै न कुनै रुपमा लाभान्वित भैरहेको अवस्थामा किन समाजमा अलोकप्रिय बन्ने भन्ने सोच बोकेर बस्छन् । हिजोको त्यो लोकप्रिय गीत ‘माइतीघर तिम्रो होइन पराई घर जाऊ, बिदा लिई कहिलेकाहीं जन्म घर आऊ’’ तिनलाई मन पर्न छोडिसक्यो तर कतै बजेको सुने भने त्यसलाई बन्द गर्न भन्न सक्दैनन् ।

एउटा कुरा के स्पस्ट हुन जरुरी छ भने, विभेद र विकास सँगसँगै हुन सक्दैन । आधीभन्दा बढी जनसंख्यालाई विकासको मूलधारबाट अलग्याई विकास सम्भव छैन । निर्णय प्रक्रियादेखि लिएर निर्णायक भूमिकामा महिलाका दृष्टिकोण नराखिँदा यसले सामाजिक स्वीकार्यता घटाउँदै जान्छ ।

किनकि सामाजिक परिवर्तन र आधुनिक प्रविधिको विकास एक-अर्काको पूरक हो । त्यसैले एकको प्रभाव अर्कोमा स्वाभाविकरुपले पर्छ । समाजमा रहेका कुनै पनि विभेद हटाउन नेतृत्व तह त्यसमा पनि सरकारको प्रमुख भूमिका हुन्छ । यदि समाजका असमानता र विभेद रहिराख्ने हो भने त्यसले समाजलाई अधोगतितर्फ लान्छ । आर्थिक वृद्धि र भौतिक विकास निर्माणले मात्रै समृद्ध मुलुक र सुखी नागरिकको परिकल्पना गर्न सकिन्न ।

त्यसैले सरकार उदाहरण बन्न सक्नुपर्छ, समाजमा रहेको महिलाप्रतिको मनोवृत्ति बदल्नको लागि । त्यसको लागि महिलालाई नेतृत्वदायी भूमिका दिने, तिनका सोच र दृष्टिकोणलाई समेत समाहित गर्ने र सँगसँगै तिनका क्षमता निखार्न सही कर्यक्रमहरु ल्याउन जरुरी छ । किनकि नेपालमा रहेका महिलाहरुको अवस्थाबीच ठूलो फरकपना छ । कुनै नेपाली महिला हवार्डमा पढ्दै छन् भने कुनै सरकारी विद्यालयसम्म पुग्न सकेका छैनन् । कुनै विश्वमञ्चमा बोल्न सक्नेछन् भने कुनै आफ्नो परिचयसमेत भन्न नसक्ने छन् ।

सरकारको नीति र कार्यक्रमहरुको केन्द्रमा जहिले पनि कमजोरलाई राखिनुपर्छ । पुरुष नियन्त्रित महिलाहरुलाई मात्रै गणपूरकरुपमा राख्ने परम्पराको निरन्तरता गर्दै जाने हो भने महिलाप्रतिको सामाजिक मनोवृत्तिमा परिवर्तन सम्भव हुन्न, जसको प्रत्यक्ष असर सही अर्थमा नेपालको समृद्धिमाथि पर्छ । यो सत्य हो कि विगत फर्काउन सकिन्न तर भविष्य सुनौलो बनाउनमा वर्तमानमा सरकारले लिने निर्णयहरुले अहम् भूमिका खेल्न सक्छ । आखिर इतिहासमा सम्मानित बन्न कसलाई रहर हुँदैन र ? तर अवसर सबैले नपाउन सक्छन् ।

# लेबनानमा भयानक विष्फोट एक सय बढीको मृत्यु

## ■ चार हजार बढी घाइते






तस्विर: एपी/एपीएफ

**काठमाडौं/एजेन्सी–** लेबनानको राजधानी बेरुतको प्रमुख बन्दरगाहमा मंगलबार शक्तिशाली विष्फोट भएको छ। सो विष्फोटनमा परी एक सय भन्दा बढीको ज्यान गएको छ। करिब २ हजार ७५० टन 'एमोनियम नाइट्रेट' नामक रासायनिक पदार्थ भण्डारण गरेको एक गोदाम घरमा भएको यस विष्फोटमा परी चार हजार भन्दा बढी घाइते भएका छन्। यस गोदाममा सन् २०१४ मा एक कार्गो जहाजबाट बरामद गरिएको 'एमोनियम नाइट्रेट' भण्डारण गरिएको थियो।

सो विष्फोट निकै टाढासम्म सुनिएको यहाँका स्थानीयवासीले जनाएका छन्। अहिले पनि सो विष्फोटपछि धुवाँ उडेका तस्बिरहरु त्यहाँका सञ्चारमाध्यमहरुले दिइरहेका छन्। ती तस्बिरहरु हेर्दा अवस्था निकै क्षतविक्षत देखिएको छ। विष्फोटपछिका अनलाइनमा राखिएका भिडिओहरुमा धुवाँको विशाल मुस्लो देखिएको छ र यहाँ धेरै क्षति भएका भौतिक संरचनाको अवस्था पनि देखिएको छ।

त्यस गोदाममा कुनै बाह्य आक्रमण भएका कारण यो विष्फोट भयो कि आफैं विष्फोट हुन पुगेको हो भन्ने कारण पत्ता लगाउन अनुसन्धान शुरु गरिएको छ। लेबनानका गृहमन्त्री मोहम्मद फाहमीले सो गोदाममा राखिएको एमोनियम नाइट्रेट राखिएकाले त्यो विष्फोट शक्तिशाली हुन पुगेको र यसले ठूलो क्षति पुऱ्याएको बताएका छन्।

लेबनानका प्रधानमन्त्री हासान डीयाबले यस विष्फोटलाई देशको ठूलो विपत्ति हो भनेका थिए। उनले यस विषयको अनुसन्धान शुरु भइसकेको र दोषीहरूलाई जवाफदेही बनाइनुपर्ने बताएका छन्। उनले एक टेलिभिजनमा सम्बोधन गर्दै यस घटनामा संलग्नहरुलाई कडा कारबाही गरिने छ र उनीहरुलाई उम्किन दिइने छैन भनेका छन्।

गोदाममा राखिएको एमोनियम नाइट्रेटको अवस्था बारेमा जाँचबुझ गरी पाँच महिना अघि नै लेबनान सरकारलाई प्रतिबेदन बुझाइएको पनि संचार माध्यमहरुले जनाएका छन्। प्रतिबेदनमा एमोनियम नाइट्रेटको भण्डारमा सुरक्षा सतर्कता अति जरुरी रहेको औंल्याइएको थियो।

राष्ट्रपति ट्रम्पसहित विश्वका नेताद्वारा दुःख व्यक्त

लेबनानमा भएको विष्फोटबाट कैयौं नागरिकको ज्यान गएको घटनाको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुःख व्यक्त गरेका छन्। उनले सो घटनालाई एक डरलाग्दो घटना भनेका छन्। ह्वाइटहा हाउसमा आयोजना गरिएको प्रेस भेटघाटमा सम्वाददाताहरुसँग उनले सो कुरा बताएका हुन्।

उनले भनेका छन्- 'यो एकदमै डरलाग्दो घटना भएको छ, यसबाट लेबनानका कैयौं नागरिकको ज्यान गएको छ, म लेबनान सरकार र त्यहाँका सबै नागरिकप्रति सान्त्वना दिन चाहन्छु।'

उनले अगाडि भने, 'लेबनानको सरकार र त्यहाँका नागरिकहरुसँग अमेरिकाको राम्रो सम्बन्ध रही आएको छ म यस्तो अप्ठेरो परेको अवस्थामा लेबनान सरकारलाई आवश्यक सबै खालको सहयोग गर्न अमेरिका सरकार तयार छ भन्ने सन्देश दिन चाहन्छु।'

त्यसैगरी अष्ट्रेलियाली प्रधानमन्त्री स्कट मोरिसस् र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि उक्त विष्फोटप्रति दुःख व्यक्त गरेका छन्। उनीहरुले यस्तो अवस्थामा जेजस्तो प्रकारको सहयोग गर्नु परे पनि आफूहरु तयार रहेको जानकारी लेबनान सरकारलाई गराएका छन्।

# भारतमा संक्रमण बढेको बढ्यै



**काठमाडौं/एजेन्सी–** भारतमा 'कोभिड १९' संक्रमितको संख्या १९ लाख नाघेको बुधबार जनाइएको छ। गत २४ घण्टामा भारतका ५२ हजार ५०९ जनामा कोरोना भाइरस पोजेटिभ देखिएपछि कुल संक्रमितको संख्या १९ लाख १० हजार नाघेको त्यहाँको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधबार जानकारी दिएको छ। भारतमा गत २४ घण्टामा कोरोना भाइरसको संक्रमणका कारण ८५७ जनाको मृत्यु भएपछि कूल मृतकको संख्या ३९ हजार ८ सय नाघेको छ।

सरकारी अधिकारीका अनुसार भारतमा कोरोना भाइरस संक्रमितमध्ये बाह्र लाख ८२ हजार भन्दा बढी व्यक्ति निको भएर फर्किएका छन्। भारतमा मङ्गलबार कोरोना भाइरस निको हुने क्रम ६६.३० प्रतिशतले बढेको पाइएको छ। हाल भारतमा पाँच लाख ८८ हजार भन्दा बढी कोरोना भाइरस संक्रमित अवस्थामा रहेका छन्।

भारतको महाराष्ट्र सबभन्दा प्रभावित बढी कोरोना भाइरस संक्रमण राज्यका रुपमा रहेको छ। कोरोना भाइरस प्रभावित भारतको दोस्रो राज्य तमिलनाडू र तेस्रोमा राजधानी शहरसमेत रहेको दिल्ली राज्य रहेको छ।


# अल्पसंख्यकलाई कोरोनाको जोखिम उच्च !

**काठमाडौं/एजेन्सी–** अल्पसंख्यक तथा काला जातिका पृष्ठभूमि भएका मानिस कोभिड(१९ (कोरोना) संक्रमणको उच्च जोखिम रहेको बेलायतमा भएको एक अध्ययनले जनाएको छ। अध्ययनअनुसार यिनीहरु विशेषगरी सार्वजनिक यातायातका साधन प्रयोग गर्छन्, मजदुरी गर्छन् र पुराना घरमा सामूहिक रुपमा बस्ने भएकाले पनि कोरोना संक्रमणको उच्च जोखिम देखिएको बीबीसीले समाचारमा जनाएको छ। यो अध्ययन रेस इक्वालिटी थिंक ट्यांक रनीमेडे टेस्ट्सले गरेको हो।

साथै अमेरिकामा न्युयोर्क फेडरल रिजर्भ बैंकले गरेको अर्को एक अध्ययनअनुसार काला जातिका मानिसको कारोबार कोभिड(१९ महामारीका कारण सबैभन्दा बढी प्रभावित बनेको छ। साथै उनीहरुको कारोबार करिब(करिब बन्द हुने अवस्थामा पुगेको अध्ययनले जनाएको छ।

काला जातिहरु अहिलेको अवस्थामा स्वास्थ्य संकटको दोहोरो मार खेपिरहेको अध्ययनले जनाएको छ। साथै उनीहरुले आर्थिक चुनौतीसमेत झेलिरहेको बीबीसीले जनाएको छ। किनभने उनीहरुलाई बैंकले समेत सहजै ऋण उपलब्ध गराउँदैन।

# मोदीद्वारा अयोध्यामा राम मन्दिरको शिलान्यास



**काठमाडौं/एजेन्सी-** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको उत्तरी क्षेत्रमा रहेको सहर अयोध्यामा राम मन्दिर निर्माणको लागि शिलान्यास गरेका छन्। बुधबार चाँदीको इँटा राखेर मोदीले मन्दिरको शिलान्यास गरेका हुन्। सन् १९९२ मा हिन्दूहरुले यो भगवान् रामको मन्दिर रहेको स्थानमा बनाइएको भन्दै मध्यकालीन मस्जिद भत्काइदिएका थिए। यस विषयमा दशकौंदेखि हिन्दू र मुसलमानको बीचमा यो क्षेत्रको विषयमा विवाद रहँदै आएको थियो। यो जग्गाको विवाद एक शताब्दीभन्दा लामो समयदेखि चल्दै आएको हो। यो भारतको लागि सबैभन्दा ठूलो विवादको रुपमा देखिँदै आएको थियो।

गत वर्ष भारतको सर्वोच्च अदालतले उक्त क्षेत्र राम मन्दिर निर्माणको लागि दिनुपर्ने फैसला सुनाएपछि यो विवाद साम्य भएको थियो। अदालतले मुस्लिक मस्जिद निर्माणको लागि अर्को स्थानमा जग्गा उपलब्ध गराउने शर्तमा उक्त स्थानमा राम मन्दिर निर्माणको लागि अनुमति दिएको हो।

यससँगै भारतमा कोरोना भाइरस महामारीको बीचमा मोदीले राम मन्दिरको शिलान्यास गरेका हुन्। मोदीको पार्टी भारतीय जनता पार्टीका लागि राम मन्दिरको निर्माण महत्वपूर्ण प्रतिबद्धता थियो। हिन्दू राष्ट्रवादी मोदीले यसअघि राम मन्दिर निर्माणको वाचा गरेका थिए।

अधिकारीहरुले राम मन्दिरको शिलान्यास समारोहको क्रममा कोरोना भाइरसबाट बच्नका लागि आवश्यक मापदण्ड पालना गरिएको बताएका छन्। तर, समारोहमा पुगेका मानिसहरुले मास्क लगाउने तथा भौतिक दुरीको नियम पालना नगरेको पाइएको छ। भारतीय सञ्चारमाध्यमहरुका अनुसार भारतभरका भक्तहरुले यो मन्दिर निर्माणको लागि चाँदी र सुन दान गरेका छन्। उनीहरुले सिक्का, इँटा र बारको रुपमा यी बहुमूल्य धातुहरु मन्दिर निर्माणमा प्रयोग गर्न दिएका हुन्। टाइम्स अफ इन्डियाका अनुसार केही वर्षयता मन्दिर निर्माणको लागि भक्तहरुबाट संकलन गरिएको 'श्री राम' लेखिएको दुई लाख इँटा मन्दिरको आधार निर्माणको लागि प्रयोग हुनेछ।

सन् १९९२ मा हिन्दूहरुले उक्त विवादित स्थानमा रहेको १६ औं शताब्दीको मस्जिद भत्काइदिएका थिए। जसको कारण शुरु भएको हिंसामा परी करिब दुई हजार मानिसको मृत्यु भएको थियो। हिन्दूहरुका अनुसार उक्त बाबरी मस्जिद राम मन्दिर भत्काइएपछि सोही स्थानमा बनाइएको थियो। उनीहरुका अनुसार मुस्लिमहरुले राम मन्दिर भत्काएर बाबरी मस्जिद बनाएका थिए।

मुस्लिमहरुका अनुसार सन् १९४९ मा केही हिन्दूहरुले मस्जिदमा रामको मूर्ति राखेर पूजा गर्न थालेका थिए। त्यसयता दुई धर्मका संगठनहरुले अदालतमा यो क्षेत्र आफ्नो रहेको दाबी गर्दै मुद्दा लड्दै आएका थिए।

# जम्मु–कश्मीरलाई समेटेर पाकिस्तानद्वारा नयाँ नक्सा जारी

## भारतले भन्यो– वैधता छैन




**काठमाडौं/एजेन्सी–** पाकिस्तानले जम्मु काश्मिर-लद्दाख र जूनागढलाई समेटेर नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेको छ। पाकिस्तानको मन्त्रिपरिषद्ले मंगलबार उक्त भूमि पाकिस्तानको भएको दाबी गर्दै नयाँ राजनीतिक नक्सा जारी गर्न अनुमति दिएको थियो। नक्सा सार्वजनिक गर्दै प्रधानमन्त्री इमरान खानले भनेका छन्, 'पाकिस्तानको राजनीतिक नक्साले पाकिस्तानका जनतामा खुसी प्रदान गर्नेछ। पाकिस्तान र काश्मिरका जनताको विचारधाराको पनि समर्थन गर्नेछ।'

उनले अघिल्लो वर्ष भारतले काश्मिरमा गलत कदम उठाएको पनि पनि बताएका छन्। पाकिस्तानमा अब स्कुल, कलेजसहित सरकारी कार्यालयमा यही राजनीतिक नक्सा रहनेछ। उक्त नक्साप्रति भारतले आपत्ति जनाउँदै वैधता नभएको बताएको छ।

भारतीय विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै उक्त नक्साको कानुनी वैधता र अन्तर ाष्ट्रिय विश्वसनीयता नभएको जनाएको छ। विदेश मन्त्रालयले भनेको छ, 'यी हास्यास्पद दाबीको न कानुनी वैधता छ न अन्तर्राष्ट्रिय विश्वसनीयता नै।'

भारतको विदेश मन्त्रालयले पाकिस्तानका प्रधानमन्त्री इमरान खानले कथित 'नयाँ राजनीतिक नक्सा' सार्वजनिक गरेको देखेको उल्लेख गर्दै विज्ञप्तिमा भनेको छ, 'यो उनको राजनीतिक मूर्खताको अभ्यास हो र यसले भारतको गुजरात राज्य र हाम्रो केन्द्र शासित जम्मु-काश्मीर र लद्दाखका क्षेत्रहरूमा दाबी गरेको छ।' गत वर्ष ३ नोभेम्बरमा भारतले आफ्नो नयाँ राजनीतिक नक्सा सार्वजनिक गर्दै जम्मु काश्मीर र लद्दाखमा छुटेका भूभागहरु समेटेको बताएको थियो।

# रुसको भ्याक्सिनको विषयमा डब्लुएचओको आशंका

**काठमाडौं/एजेन्सी–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले मंगलबार रुसको भ्याक्सिनको विषयमा शंका जताएको छ। रुसले अक्टोबर महिनादेखि कोरोना भाइरसको भ्याक्सिनको उत्पादन गर्दैछ। विश्व स्वास्थ्य संगठनले भ्याक्सिन उत्पादनका लागि दिशानिर्देश बनाएको छ। विश्व स्वास्थ्य संगठनका प्रवक्ता क्रिस्टियन लिंडमियरलाई यूएन पत्रकार सम्मेलनको क्रममा यदि कुनै भ्याक्सिनको तेस्रो चरणको ट्रायल नगरीकनै त्यसको उत्पादनका लागि लाइसेन्स जारी गरिन्छ भने के संगठनले यसलाई खतरनाक मान्छ ? भन्ने प्रश्न सोधियो।

रुसका स्वास्थ्यमन्त्रीले शनिबार उनको देशले अक्टोबर महिनादेखि कोभिड-१९ विरुद्ध ठूलो स्तरमा भ्याक्सिन अभियान सुरु गर्ने तयारी गरिरहेको जानकारी दिएका थिए। रुसका स्वास्थ्यमन्त्री मिखाइल मुराश्कोले पत्रकारसँगको कुराकानीमा भ्याक्सिनको कुनै शूल्क नलिइने र सबैभन्दा पहिले डाक्टर र अध्यापकलाई दिइने बताए।

रुसी स्वास्थ्यमन्त्रीले उत्पादनका साथै भ्याक्सिनको क्लिनिकल ट्रायल पनि जारी रहने र यसलाई उत्कृष्ट बनाउने कोसिस गरिने




जानकारी दिए। विश्व स्वास्थ्य संगठनका प्रवक्ता क्रिस्टियन लिन्डमियरले भने, 'जब यस्तो खबर आउँछ वा यस्तो कदम उठाइन्छ तब हामी सावधान रहनुपर्छ। यस्ता खबरको तथ्यको अनुसन्धान सतर्कताका साथ गर्नुपर्छ।'

क्रिस्टियन लिन्डमियरले भने, 'अनुसन्धानकर्ताले कुनै कुराको खोजी गरेको जुन साँच्चै नै असाध्यै राम्रो भएको दाबी गर्छन्। तर केही खोजी गरेको दाबी गर्नु वा भ्याक्सिन प्रभावकारी भएको संकेत पाउनु वा क्लिनिकल ट्रायलको सबै चरणबाट गुज्रनुमा निकै ठूलो अन्तर हुन्छ। हामीले आधिकारिक रुपमा त्यस्तो केही पनि देखेका छैनौं। यदि आधिकारिक रुपमा केही भएको भए युरोपका हाम्रा अफिसका सहयोगीले यो कुरामा पक्कै पनि ध्यान दिने थिए।'

विश्व स्वास्थ्य संगठनका प्रवक्ताले भने, 'एक सुरक्षित भ्याक्सिन बनाउनका लागि थुप्रै नियम बनाइएको छ र यसका लागि दिशानिर्देश पनि छन्। यसको पालना गर्नु आवश्यक छ किनभने यसो गरे मात्रै भ्याक्सिन वा कुनै पनि उपचार केमा असरदार छ र कुन रोगविरुद्धको लडाईंमा मद्दत गर्छ भन्ने बारे पत्ता लाग्न सक्छ।'

उनले भने, 'दिशानिर्देशको पालना गरेपछि कुनै उपचार वा भ्याक्सिनको साइड इफेक्ट छ वा कतै यसको फाइदाको साटो हानी त बढी छैन भन्ने पनि पत्ता लाग्छ।' विश्व स्वास्थ्य संगठनले आफ्नो वेबसाइटमा क्लिनिकल ट्रायलसँग गुज्रिरहेको २५ वटा भ्याक्सिनलाई सूचीबद्ध गरेको छ जबकी १ सय ३९ भ्याक्सिन अहिले पनि प्रि-क्लिनिकल स्टेजमा छ।

# बक्स अफिस समाचार

## कोरोना 'इफेक्ट'

# ठूला लगानीका फिल्म बनाउन डराउलान् निर्माता ?




**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन

विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण विश्वभरकै जनजीवन प्रभावित बनेको छ । जनजीवन सामान्य अवस्थामा आउन अझै कति समय लाग्ने निश्चित छैन । कोरोनाका कारण हर व्यवसाय संकटमा फसेका छन् । जसबाट फिल्म क्षेत्र पनि अछुतो रहन सकेको छैन । फिल्म क्षेत्र बन्द भएको पनि पाँच महिना पुगिसकेको छ । तर कहिले खुल्छ भन्ने जवाफ कसैसँग छैन ।

सरकारले लकडाउन अन्त्य गरिसकेको छ । त्यसपश्चात प्रायः सबै व्यवसाय खुलिसकेका छन् । तर फिल्म क्षेत्र भने प्रतिवन्धकै घेरमा रहेको छ । लकडाउन अन्त्य भएपनि कोरोना जोखिम अन्त्य भइसकेको छैन । सोही कारण पनि फिल्म क्षेत्रमा भिडभाड हुने भन्दै सरकारले खोल्न स्वीकृति दिएको छैन । सरकारले फिल्म क्षेत्र खोल्न दिएपनि अहिले नै फिल्म हेर्न दर्शक सिनेमा हल जान्छन् नै भन्न सकिने अवस्था छैन । तर कोरोना संक्रमण अहिले पनि बढ्दै गएका कारण तत्काल फिल्म क्षेत्र खुल्ने अवस्था न्यून छ ।

सरकारले खोल्ने अनुमति दिएपनि फिल्म क्षेत्रलाई उकास्न धेरै चुनौती छन् । कोरोना संक्रमणका कारण ठप्प भएको फिल्म क्षेत्रलाई उकास्न पहिलो काम भनेको फिल्म निर्माणको गति बढाउनु हो । तर, निर्माणको गति बढाउन सहज छैन । हालकै अवस्थामा दर्शक सिनेमा हल आउँछन् भनेर फिल्म चलाउन मुस्किल नै पर्छ । जसको प्रत्यक्ष असरले फिल्म निर्माणले गति पाउँदैन । जानी जानी लगानी डुबाउन कोही निर्देशक चाहँदैनन् ।

> कोरोना संक्रमणका कारण ठप्प भएको फिल्म क्षेत्रलाई उकास्न पहिलो काम भनेको फिल्म निर्माणको गति बढाउनु हो । तर, निर्माणको गति बढाउन सहज छैन ।

फिल्म निर्माण भइहाले पनि साना लगानीका हुने अनुमान लगाउन सकिन्छ । तर साना लगानीमा बनाउन पनि कलाकार र प्राविधिकले पारिश्रमिक घटाएर निर्मातालाई फिल्म निर्माणका लागि सहज वातावरण बनाउन जरुरी रहेको निर्माताहरुको भनाइ छ । यो अवस्थामा ठूलो लगानीमा फिल्म बनाउनु जोखिमपूर्ण हुने हुँदा फिल्मको लागत बढ्न नदिन कलाकार, प्राविधिकसँगै क्यामेरालगायतका उपकरण उपलब्ध गराउने कम्पनीले समेत केही छुट दिनुपर्ने उनीहरुको तर्क छ ।

फिल्ममा ठूलो लगानी गर्ने वातावरण नभए पनि फिल्म बनाउन कम्प्रोमाइज गर्न नहुने निर्माताहरु बताउँछन् । लगानी बढाउनु हुन्न भनेर फिल्मलाई आवश्यक पर्ने कुरामा कञ्जुसाइँ गर्न नमिल्ने र सबै मिलेर पारिश्रमिकलगायतका पाटोमा सहयोग गर्न सकियो भने सानो लगानीमा पनि राम्रो फिल्म बन्ने उनीहरुको विश्वास छ ।

तर, निर्माताहरुले भने जसरी नै कलाकार र प्राविधिकले पारिश्रमिक घटाएर फिल्ममा काम गर्न आउलान् त ?, निर्माताहरुले सोचेजस्तो सहज वातावरण नबन्न पनि सक्छ । जो कोहीले पारिश्रमिककै लागि काम गर्छन् । आफुले पहिले लिँदै आएको पारिश्रमिक घटाएर काम गर्न सहजै राजी हुन्छन् भन्न अहिले नै सकिँदैन ।

कति निर्माता तथा निर्देशकले अहिले नै आफुले नयाँ फिल्म बनाउँदै भनेर सार्वजनिक गरिसके । तर हालकै अवस्था लामो समयसम्म हुने हो भने फिल्म क्षेत्र उक्सिन गाह्रै हुन्छ । तर फिल्म क्षेत्र हाम्रो मातृभूमि हो हामीले यसबाटै खान पाएका छौं भनेर सबै फिल्मकर्मी एकजुट भएर आ-आफ्नो ठाउँबाट आफुले सक्ने सहयोग गरे अवश्य पनि फिल्म क्षेत्रले कोरोनालाई परास्त गर्दै आफ्नो लय समात्नेछ ।

# नवीनको 'तीनपाते' सार्वजनिक




**काठमाडौं/मस–** आर्टमाण्डु मिडिया विगतका दिनहरुदेखि नै मौलिक नेपाली परिवेश, चाहना अनि जनजीवनका साथ आधुनिक नेपालका शालिन अनि सभ्य परिवेशका सञ्चार र मनोरञ्जन सामाग्री उत्पादनका लागि उन्मुख उत्पादन केन्द्र हो । पछिल्लो समयमा नेपाली जनजिब्रोमा चर्चित अनि लोकप्रीय गीत 'के माया लाग्छ र' आर्टमाण्डुकै अथक प्रयास, जाँगर अनि नवप्रवर्तनको उपज हो, यस गीतले युट्युबमा ९० लाख हाराहारीमा भ्यू पाइसकेको छ ।

नेपाली गीत अनि म्यूजीक भिडियोको संस्करणाहरुमा पछिल्लो समयमा गीतका भिडियोहरुमा श्रृजना अनि मौलिकताको बिजारोपणलाई प्राथमित्ता दिँदै आर्टमाण्डुले गीतलाई ग्रामिण परिवेशमा ढाल्दै कथासँग जोडेर भिडियोलाई एउटा सकल चलचित्रको स्वरुपमा उतार्ने प्रयत्नहरु गर्दै आएको छ, चाहे त्यो बहचर्चित बटौली होस्, या के माया लाग्छ र आर्टमाण्डुका अन्य प्रयत्नहरु किन नहोस् ?

यसपटक आर्टमाण्डुका नवीन चौहान निर्देशन गरेको तीनपाते बोलको गीत लिएर दर्शकश्रोता सामु आएका छन् । तीनपाते एउटा प्रेमको कथा हो जहाँ ग्रामिण नेपालको परिवेश, गोठका कथा, हाटबजार अनि वाल्यकालको माया र अपेक्षा लुकेको छ । पूर्वी नेपालको छुर्पी, नौनी, दुध अनि गोठ देखि समग्र नेपालभरिको लाहुर जाने या गाँउमै बसेर केहि गर्ने दुविधालाई छिर्दै यस म्यूजीक भिडियोले मिठो गीत र मनछुने कथा दुबै पस्किएको छ । संभवत नेपाली म्यूजीकल भिडियोको इतिहासमा नै यो एउटा यस्तो म्यूजिक भिडियो हो जस्मा मध्यान्तरको कन्सेप्ट राखिएको छ भने शालिन अनि सम्झनयोग्य पल अनि दृश्यहरुलाई अटाउँदै यस भिडियोले नेपाल चिहाउने एउटा नयाँ आँखीझ्यालको काम गर्नेछ ।

यसमा शब्द हर्क साउद, संगीत सुजन चापागाईं, स्वर सुजन चापागाईं अनि विद्या तिवारी को रहेको छ । गीतको संगीत संयोजन गंगा थापाले गरेका हुन् भने ध्वनी मिश्रण कोबिद बज्रले गरेका हुन् । गीतको छायांकन अनिश स्याङ्ग देन ले गरेका हुन् भने रंग संयोजनर ग्राफिक्स दिनसन शाहले गरेका हुन्। गीतमा मिलन खत्री, अनु काफ्ले, हर्क साउद, नयन नेपाल, आयुष्मा काफ्ले, सम्रान्त थापा, मुना धिताल आदिको अभिनय रहेको छ ।

चियाको वगानमा तिनपाते भएका कोपीलाहरुलाई परिपक्क, मिठो अनि उपयूक्त बिम्बका साथ उद्धृत गरिन्छ, यस गीतमा पिरतीको तिन पाते स्वरुपमा देखाइएको छ, रसरंग अनि संझनालाई तीनपातेसँग जोडिदिएको यस गीतको लयले ग्रामिण नेपालको टपक्क टिपेको भाकाहरुलाई प्रतिनिधित्व गर्दछ ।

गीतका नेपाली परिवेशका शव्दहरुलाई विश्वजगतमा चिनाउने कसरत स्वरुप शव्दहरुको अँग्रेजी रुपान्तरण अनि परिपेक्ष्यकरण लेखक अनि साँस्कृतिक अन्वेषक सुयोग ढकालले गरेका हुन्, नेपालमा सर्वाधिक डाउनलोड भएको हाम्रो पात्रोमार्फत नेपाली चाडपर्व अनि दैनिकी सम्बन्धी आलेख अनि अध्ययनहरु उनले नै गरेका हुन् ।

# अन्जु श्रेष्ठको तिजको गीत सार्वजनिक



**काठमाडौं/मस–** युवा पुस्ताकी आशलाग्दो गायीका अन्जु श्रेष्ठको तिजको गीत 'भेलबेट्को चोली' सार्वजनिक भएको छ । सुमधुर स्वारकी धनी श्रेष्ठको यो गित रोयल इन्टरटेन्ट्मेन्ट युट्युब च्यानल मार्फत सार्वजनिक भएको हो ।

सुस्मा देवकोटाको शव्द तथा राजसागरको संगीत रहेको भेलबेट्को चोली एउटा सन्देश मुलक गीत हो । गायिका श्रेष्ठ रातो साडी बोलको गीतमार्फत साङ्गितिक क्षेत्रमा प्रवेश गरेकी थिइन् ।

रङ्गियो तिजले, पिरती लाएको वर्ष, बजाएर चुरा, ढाकाटोपी खोजिरहेछु, गुराँस, आँखा बन्द, हाँसी हाँसी शान्तीको दिप लगायतका दर्जनौं गीतहरुमा उनले सुमधुर स्वर दिएकी छन् ।

# कमेडी च्याम्पियन सिजन-२ को अडिसन भदौ १५ बाट




**काठमाडौं/मस–** कमेडी च्याम्पियन सिजन-२ को अडिसन यही भदौ १५ गतेबाट शुरु हुने भएको छ । दोस्रो प्रोमो सार्वजनिक गर्दै आयोजकले अडिसन मिति घोषणा गरेको हो । पहिलो प्रोमो सार्वजनिक भएको केही दिनमा आयोजकले दोस्रो प्रोमो सार्वजनिक गरेको हो । पहिलो प्रोमोमा सामाजिक विषय डार्क कमेडीका रुपमा उठान गरेको आयोजकले दोस्रो प्रोमोमा सिजन १ का प्रतियोगीको कमेडीको पञ्च लाइनको किल्प्स काटेर राखेको छ ।

प्रोमोमा अडिसन मिति सार्वजनिक गरे पनि अडिसन कसरी दिनबारे विस्तृत जानकारी भने दिइएको छैन । निर्देशक विशाल भण्डारीले अन्य प्रोमामा थप जानकारी दिँदै जाने बताए । डिजिटल अडिसन लिइने छ । तर त्यसका सर्तहरु पछि सार्वजनिक गरिने उनी बताउँछन् ।

निर्णायक सिजन-१ कै सन्तोष पन्त, मनोज गजुरेल, प्रदीप भट्टराई र ऋचा शर्मा हुने छन् । 'यो पटक मूल्यांकन फर्म्याट केही परिवर्तन हुनेछ । सेट परिमार्जित र भब्य हुनेछ,' निर्देशक भण्डारी भन्छन्, 'गत वर्षको भन्दा सेटमा मात्रै १५ देखि २० लाख बढी खर्च हुनेछ ।'

'कन्टेन्ट'मा पहिलो सिजनकोभन्दा चार गुणा बढी जनशक्ति थप गरिएको उनले जानकारी दिए । नेपालको पहिलो स्ट्यान्ड अप कमेडी रियालिटी शो कमेडी च्याम्पियन सिजन-१ मा हिमेश पन्त विजयी भएका थिए भने क्रमशः खड्गबहादुर पुन र सुमन कोइराला दोस्रो र तेस्रो भएका थिए ।

आयोजकले केही दिनमा पत्रकार सम्मेलन गरेर सिजन-१ का विजेता हिमेश पन्तलाई सबै पुरस्कार प्रदान गर्दैछ । ५० प्रतिशत नगद पुरस्कार प्रदान गरेको आयोजकले बाँकी ५० प्रतिशत नगद र गाडीको चावी हस्तान्तरण गर्नेछ ।

# कोरोनाबाट सतर्क रहन कलाकारलाई संघको आग्रह




**काठमाडौं/मस–** कोरोना भाइरस (कोभिड-१९) संक्रमण दिन प्रतिदिन बढ्दो रहेकोले नेपाल चलचित्र कलाकार संघले सर्वसाधारण तथा विशेष रुपमा सदस्यहरुमा सावधानी अपनाउन अनुरोध गरेको छ । बुधबार एक विज्ञप्ति जारी गर्दै संघले कोरोनाको जोखिमवाट बच्न मास्क लगाउन, सेनिटाइजर प्रयोग गर्न, सावुन पानीले हात धुन, भीडभाड भएको ठाउँमा नजान नगर्न अति आवश्यक काम बाहेक घर बाहिर नस्किन समेत अनुरोध गरेको छ ।

'लकडाउन हटेता पनि स्थानिय स्तरमा भएको संक्रमण फैलिएर समुदायलाई नै संक्रमित बनाउने जोखिम बढिरहेको छ । यसो हुनुमा हामी आफैं संक्रमणवाट जोगिन अप्नाउनुपर्ने उपायलाई गम्भिरतापूर्वक पालना गरिरहेका छैनौं' संघका उपाध्यक्ष मोहन निरौलाको हस्ताक्षर रहेको विज्ञप्तिमा अगाडि भनिएको छ– 'यस अवस्थामा आफु र अरुलाई पनि संक्रमणवाट बचाउन हाम्रो पहिलो कर्तब्य र दायित्व हुन आउँछ । संक्रमणवाट आफु पनि बच्न र अरुलाई पनि बचाउन हाम्रो दैनिकीमा पनि हामीले संयमित मर्यादित हुनु जरुरी भएको छ ।' कोरोनाको प्रकोपको संक्रमणकालमा संघले राहतको विभिन्न सेवा प्रदान गरेको समेत जानकारी दिइएको बिज्ञप्तीमा अहिलेको विषम परिस्थितिमा पनि नेपाल चलचित्र कलाकार संघ आफ्नो नियमित सेवामा कटिबद्व रहेको समेत जनाइएको छ ।


**बीमालेख हराएको सूचना**

**नेपाल लाइफ इन्स्योरेन्स क.लि.** ले जारी गरेको श्री सलिम श्रेष्ठ बीमालेख नं. १०१०२५१७३ को बीमालेख मिति २०७७०२०१ गते थानकोटबाट कलंकीसम्म जाँदा हराएकोले फेलापार्नु हुने महानुभावले नजिकको शाखा कार्यालय, प्रहरी चौकी वा तलको ठेगानामा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
शाखा कार्यालय, काठमाडौं
फोन: ४१६९१२९, ४१६९१३०, पो.ब.नं. ११०३०

**पेन्सन पट्टा हराएको सूचना**

मिति २०७७ असार १६ गतेका दिन काठमाडौं काँडाघारीबाट त्रिपुरेश्वर यात्रा गर्ने क्रममा नेपाली सेनाका भू.पू सुवेदार गणेश बहादुर कार्कीको पेन्सन पट्टा हराएको हुँदा भेट्टाउनुहुने महानुभावले तलको निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नाम** : गणेश बहादुर कार्की
**ठेगाना** : फुलबारी-३, ओखलढुंगा (हाल का.म.न.पा.-३२, पेप्सीकोला)
**पेन्सन पट्टा नं.** : ५८३९०२
**सर्म्पक नं**: ९८४९६२६३७७

नोटः भेट्टाउनुहुने महानुभावहरुलाई उचित पुरस्कारको व्यवस्था छ ।

**नाइस ओभरसिज प्रा.लि.को सार्वजनिक सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं.: १०८९/०७३/०७४ को यस नाइस ओभरसिज प्रा. लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | १५० | २५ | १७५ |
| २. | कतार | ७ | ० | ७ |
| | कुल जम्मा | १५७ | २५ | कुल जम्मा १८२ जना |

NICE OVERSEAS PVT. LTD.
Dhobighat-3, New Colony, Lalitpur, Tel.: 5535529
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np
श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४

**मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.को सार्वजनिक सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं.: १५६/०५६/०५७ को यस मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | यूएई | ३१३ | १ | ३१४ |
| २. | साउदी अरब | ११७ | ० | ११७ |
| ३. | मलेसिया | ३० | ० | ३० |
| | कुल जम्मा | ४६० | १ | कुल जम्मा ४६१ जना |

मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.
गोंगबु-५, काठमाडौं, नेपाल, फोन: ४३५८७८६, ०१-६२०२७९०
श्रम इजाजत नं. १५६/०५६/०५७

# एन्फाको प्रशिक्षण मापदण्ड तयार

मध्यान्ह संवाददाता
काठमाडौं, २१ साउन

कोरोना महामारीकै बीचमा भदौ १ गतेदेखि नेपाली फुटबल टिमको प्रशिक्षण शुरु गर्ने योजनामा रहेको अखिल नेपाल फुटबल संघ एन्फाले प्रशिक्षण 'प्रोटोकल' तयार पारेको छ । एन्फाले मेडिकल टिमसँगको सहकार्यमा प्रोटोकल तयार पारेको हो ।

मेडिकल टिमले तयार पारेको प्रोट्रोकललाई लिएर एन्फाले खेलाडीसँग छलफल गरिसकेको जनाइएको छ । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) र विश्व फुटबलको सर्वोच्च निकाय (फिफा)ले दिएको निर्देशन अनुसार अभ्यासका लागि 'प्रोट्रोकल' तयार पारिएको एन्फाले जनाएको छ ।

अभ्यास 'प्रोट्रोकल' अनुसार खेलाडी मैदान प्रवेश गर्दा र बाहिर निस्कदाको समय चेन्जिङ रुममा बस्ने समय घट्ने भएको छ । अभ्यासको अघि कोरोना संक्रमणको बिषयमा खेलाडी तथा स्टाफलाई जानकारी दिने र अभ्यासको दौरान खेल मैदानमा दर्शकलाई निषेध गरिने 'प्रोटोकल'मा उल्लेख छ ।

खेलाडीको नियमित तापक्रप नाप्नुको साथै दैनिक रुपमा अभ्यास मैदानलाई निर्मलीकरण गरिनेछ । टिमको बैठक पर्याप्त दूरी कायम राख्दै खुल्ला स्थानमा राखिने 'प्रोट्रोकल'मा उल्लेख छ ।

खेलाडीलाई सामुहिक रुपमा खाना खान निषेध गर्दै सकेसम्म दूरी राखेर मात्र भान्सामा बस्नुपर्ने नियम बनाईएको छ ।

अभ्यासका दौरान हरेक खेलाडीले नीजि पानीको बोत्तल प्रयोग गर्नुपर्ने छ । खेलाडीलाई चेन्जिङ रुम र नुहाउने समयमा सानो समुहमा मात्र प्रवेश गराईने उल्लेख छ ।

फिटनेस कोठामा सानो संख्यामा खेलाडी राखिने र प्रयोग पश्चात निर्मलीकरण गरिने 'प्रोट्रोकल'मा जनाईएको छ । विश्वकप छनोट अन्तर्गत राष्ट्रिय फुटबल टिमले भदौ १ गतेबाट अभ्यास सुरु गर्दैछ । एन्फाले अभ्यासको दौरान खेलाडीले पालना गर्नुपर्ने 'प्रोट्रोकल' तयार पारेको हो । एन्फाले तयार गरेको 'प्रोट्रोकल'मा केन्द्रित रहेर खेलाडीको अभ्यास सुरु गरिनेछ ।


अभ्यासका लागि अधिकांश खेलाडी उपत्यका आईपुगेका छन् । एन्फाका अनुसार ११ जना खेलाडी सहित १३ जना होटल र २२ जना खेलाडी होम क्वारेन्टिमा बसेका छन् ।

उनीहरु त्रिपुरेश्वरको विजनेश होटेलमा क्वारेन्टिनमा बसिरहेका छन् । कोठमाडौं बाहिर रहेका ११ खेलाडीमा १० खेलाडी अहिले क्वारेन्टिनमा छन । बाहिरबाट आएका खेलाडीलाई कम्तिमा पाँच दिन क्वारेन्टिनमा राखेर पीसीआर परिक्षण गर्ने तयारी एन्फाको छ ।

विक्रम लामा, सुभास गुरुङ, सुजल श्रेष्ठ, सुनिल वल, रोहित चन्द, अभिषेक रिजाल, किरण चेमजोङ, विकेश कुथु, विशाल श्रेष्ठ , सरोज दाहाल, अनन्त तामाङ, अजित भण्डारी, तेज तामाङ, अमित तामाङ, एरिक बिष्ट, अन्जन बिष्ट र आशिष लामा घरकै क्वारेन्टिनमा छन् । यस्तै विभागीय क्लब त्रिभुवन आर्मीका खेलाडीहरु आफ्नै क्लबको क्वारेन्टिनमा रहेका छन् । उनीहरुमा विकास खवास, नवयुग श्रेष्ठ, सुमन अर्याल, शेशेहाङ आङ्दम्वे, जर्ज प्रिन्स कार्की र भरत खवास रहेका छन् । यस्तै विमल राना, दीप कार्की, देवेन्द्र तामाङ, विशाल राई, रविशंकर पासवान, छिरिङ गुरुङ, मिक्चेन तामाङ, दिलेन तोप्तान, पुजन उपरकोटी र दर्शन गुरुङलाई एन्फाले होटेलमा राखेको छ ।

फिफा विश्वकप छनोटको अभ्यास फागुनमा पनि सुरु गरेको थियो तर, कोरोना भाइरसको जोखिम बढेपछि अभ्यास स्थगित गरिएको थियो । छनोटको समूह बी मा रहेको नेपालले ५ खेल खेलिसकेको छ । जसमा नेपालले ३ अंक जोडेको छ । अब नेपालले केही तलमाथि नभए अक्टोबर ८ मा दशरथ रंगशालामा चाइनिज ताइपेईसँग खेल्नेछ । त्यसपछि अस्ट्रेलिया र जोर्डनसँग घरेलु मैदानमै खेल्नेछ ।

# सिलवालले बुझाए सम्पत्ति विवरण




**काठमाडौं, मस** -राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य सचिव रमेशकुमार सिलवालले सम्पत्ति विवरण सार्वजनिक गरेका छन् । राखेपमा सदस्य सचिवमा पुनः नियुक्त भएका सिलवालले बुधबार सम्पत्ति विबरणको सूची खाममा राखेर शतर्कता केन्द्रमा बुझाएका हुन् । उनले आफ्नो सम्पत्ति कति रहेको भन्ने विवरण खुलेको छैन ।

सदस्य सचिव हुनु भन्दा अगाडी देखि नै उनि विभिन्न ब्यवसायमा पनि सलंग्न रहेका सिलवाल विभिन्न कलेजका सञ्चालक पनि हुन् ।


पछिल्लो पटक राष्ट्रिय खेलकुद परिषद्ले नै आफ्नो मातहतका सबै कर्मचारीको विबरण बुझाउनका लागि पत्राचार गरेको थियो । त्यसमा परिषद्ले ७७ जिल्ला कै ९५० कर्मचारीलाई भदौ २८ गतेभित्र सम्पत्ति विवरण बुझाउन भनेको थियो । त्यहि आधारमा सिलवालले पनि आफ्नो सम्पत्ति विवरण भरेर बुझाएका हुन् ।

राखेपले सबै कर्मचारीको सम्पत्ति विबरण बुझाउन ६० दिनको समय दिएको छ । सबैको सम्पत्ति विवरण सतकर्ता केन्द्रमा बुझाउने गरिन्छ ।

पछिल्लो केहि चार पाँच बर्षदेखि राखेपका कर्मचारीले हरेक आर्थिक बर्षमा आफ्नो सम्पत्ति विबरण अनिवार्य बुझाउनुपर्छ । यदि तोकेको समयमा नबुझाएमा स्वतः तलवबाट १० हजार रुपैयाँ कटौती हुने गर्छ ।

यो नियम लागू भएको पहिलो बर्ष ६० प्रतिशत कर्मचारीले आफ्नो सम्पत्ति विवरण नबुझाउँदा तलव काटिएको थियो ।

# 'पहिलो प्राथमिकता स्वास्थ्य, त्यसपछि फुटबल'




**काठमाडौं, मस**- विश्व फुटबल महासंघ फिफाका अध्यक्ष जियोनी इन्फोन्टिनो सहित एएफसीका अध्यक्ष सेख सलमानले दक्षिण एशियाली सदस्य राष्ट्रसँग भर्चुअल बैठक गरेका छन् । सो बैठकमा दक्षिण एशियाली फुटबल संघका अध्यक्षहरुले आफ्नो क्षेत्रमा कोरोनाको प्रभावलाई जानकारी दिलाएका थिए । यसका साथै उनीहरुले फुटबल फेरी सुरु गर्ने संभावनाका बारेमा पनि जानकारी दिलाएका थिए ।

फिफा अध्यक्ष र एएफसी अध्यक्षले पहिलो प्राथमिकता स्वास्थ्य रहेको र फुटबललाई अवस्था राम्रो भएपछि पनि सुरु गर्न सकिने बताए ।

बैठकमा दक्षिण एशियाका फुटबल संघका पदाधिकारीले साफले आयोजना गर्ने प्रतियोगितामा फिफाको सहभागिता बढाउनुपर्ने बताए । साथै उनीहरुले प्रायोजकका लागि पनि फिफाले सहयोग गर्नुपर्ने धारणा राखे ।

# जसले इलामेलाई फुटसल चिनाए




किरण पौड्याल/रासस-'होइन ! फुटसल भनेको फुटबल नै हो कि के हो ? ए...ए फुटसल घरभित्र पो खेलिन्छ !', डेढ वर्षअघि इलाममा फुटसल शुरु हुँदा बहुसंख्यक इलामेले राख्ने जिज्ञासाका प्रतिनिधि प्रश्न हुन् यी । खेलमा अन्य पूर्वी पहाडी जिल्लाको तुलनामा इलाम अगाडि नै भए पनि फुटसल भने नौलै लाग्थ्यो धेरैलाई तर अहिले ती प्रश्नको जवाफ अधिकांशले पाइसकेका छन् । त्यति मात्र होइन, धेरैले फुटसल हेरेका छन् भने केहीले खेलेका पनि छन् । छोटो समयमै इलामेलाई फुटसल चिनाउने श्रेय भने कुनै सङ्घ/संस्था नभई एक व्यक्तिलाई जान्छ । फुटसलसँग साक्षात्कार गराउने व्यक्ति हुन् इलामे युवक रोशन राई । रोशनले नै इलाम नगरपालिका-९ मा फुटसल मैदान निर्माण गरेपछि धेरैले फुटसल नजिकबाट देखेका हुन् ।

### यसरी खेल्ने योजना बन्यो फुटसल

समाजशास्त्रमा स्नातकोत्तर सक्नुभएका रोशनले चाहेको भए आफैंले पढेको ठाउँ (काठमाडौं) मा जागिर खाँदा हुन्थ्यो भने परिवारको चाहनाअनुसार लाहुरे हुँदा पनि हुन्थ्यो । इलामको फाकफोकथुम गाउँपालिकामा जन्मिएका उनको पारिवारिक आर्थिक स्थिति मध्यम नै भएकाले जीवन चलाउन धेरै दुःख गर्नुपर्ने थिएन । यद्यपि सानैबाट 'नयाँ काम गर्नुपर्छ' भन्ने सोच भएका रोशनलाई जागिरभन्दा व्यवसाय गर्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो ।

सोच भएर के गर्नु, पढेर स्नातकोत्तर सक्दा पनि ठोस योजना बनेको थिएन । यही कौतुहलता बोकेर परिवारको सल्लाह लिन जन्मथलो पनि फर्किए रोशन । पुर्ख्यौली पृष्ठभूमि नै लाहुरे भएका रोशनलाई त्यही पेशा अपनाउन परिवारको दबाब नआउने कुरै भएन तर जति नै दबाबले पनि उनको सोच परिवर्तन भएन । काठमाडौंमा कहिलेकाहीँ खेलेको र जिल्ला (इलाम)मा नभएका कारण एक्कासि रोशनको दिमागमा फुटसल खेलको स्थापना गर्ने सोच आयो ।

### जब रोशन 'बौलाहा' भनिए

फुटसल शुरु गर्ने योजना बनाए पनि इलामका अधिकांशले फुटसल नबुझेकाले तत्काल काम शुरु गर्ने कुरा भएन । त्यसमा पनि धेरै लगानी गर्नुपर्ने भएपछि 'नयाँ काम' भनेर सोचेजस्तो सजिलो भएन । जब रोशन साथीभाइसँग सल्लाहका लागि पगे तब उनको कुरा सुनेर साथीभाइ नै 'तीनछक' भए । 'सानो लगानीमा फुटसल हुने थिएन । त्यसैले साथीभाइलाई सल्लाह माग्दा बौलाहा भइस् कि क्या हो भने', रोशनले भन्नुभयो, 'धेरैतिर जग्गा खोज्न पनि गएँ तर कसैले दिएनन् ।' फुटसलका लागि जग्गा नपाएपछि रोशनको सोच बुझेर जिल्लाका 'खेलप्रेमी'ले जग्गा खोजीदिने आश्वासन दिए र खोजिदिए पनि । त्यसपछि उनले पुर्ख्यौली सम्पत्ति साथीभाइको ऋण मागेर गत वर्षको मङ्सिरबाट फुटसल शुरु गरे । ८० लाखको लगानी रहेको त्यही फुटसलले नै अहिले अधिकांश इलामेलीले फुटसल चिनेका छन् । यही फुटसल अहिले बच्चाका लागि 'स्पोर्ट सेन्टर' बनेको छ भने युवा र पाकाका लागि 'रिफ्रेस सेन्टर' बनेको छ । कम जनशक्ति (दुई टिममा १० जना) र थोरै ठाउँमा खेल्न सकिने भएकाले बच्चाका लागि फुटबलको समेत 'नशा' मेट्ने ठाउँ बनेको छ भने युवा र पाका व्यक्तिका लागि शरीर 'फिट' बनाउने र मनोरञ्जन दिने ठाउँ बनेको छ फुटसल ।

एक्लो प्रयत्नबाट सफल बनेका रोशनको लगानी अहिले उठेको छैन तर अपेक्षाकृत कमाइ भने दुई/चार महिनापछि नै दखिन थालेको छ ।

'लकडाउनभन्दा पहिलेका चार महिनामा चाहिँ राम्रै कमाइयो', रोशनले भन्नुभयो । लकडाउनभन्दा पहिलेका महिनामा फुटसल र सँगै रहेका कम्प्युटर गेमबाट मासिक रु तीन लाखसम्म कमाइ भएको रोशनको भनाइ छ । शुरुआती लगानी धेरै भएपछि आफ्नो खटाइ धेरै नहुने र खर्च धेरै नआउनाले कमाइ राम्रै रहेको रोशन बताउँछन् । इलाम स्पोर्ट सेन्टर नाम रहेको यस फुटसलमा अहिले कम्प्युटर गेम, चेसलगायतका गेम पनि छन् ।

'सबै किसिमका खेल भएको क्षेत्र बनाउने विचारमा छु', रोशनले भने, 'टेबलटेनिसजस्ता खेल पनि ल्याउने सोचमा छु । जग्गा अभाव भएकाले सकेको छैन । निकट भविष्यमै आउँछ ।' अहिले रोशनले लिजमा जग्गामा लिएर थालेको यो व्यवसायका लागि मासिक ४० हजार खर्च आउँछ ।

यसबाहेक अन्य आम्दानी नाफामै गनिने भएकाले फुटसल चलाउन सहज हुँदै गएको उनको भनाइ छ । 'चमेनागृहसहित अन्य खेल र फुटसलबाट एकमुष्ट मासिक रु पाँच लाख कमाउने मेरो योजना हो । तर अहिलेसम्म चाहिँ भएको छैन ।' रोशनले फुटसलकै कारण आफूलाई धेरैले चिनेकाले अहिले यसबाट सन्तुष्ट रहेको बताउँछन् । फुटसलप्रतिको मोह बढ्दै गएकाले कमाइ पनि धेरै बढ्ने रोशनको अपेक्षा छ । 'एकैदिन चार/पाँच खेल पनि खेल्न सकिने भएकाले राम्रै चल्दैछ', रोशनले भने, 'शनिबार साह्रै धेरै चल्छ ।'

### सरकारी निकायप्रति दुःखेसो

जिल्लाको पहिचान राख्न स्पोर्ट्स सेन्टरले मद्दत गरे पनि स्थानीय तह र सरकारी कार्यालयबाट सहयोग नपाउँदा मन खिन्न भएको रोशन बताउँछन् । आफूले जिल्लालाई चिनाउने काम गरेको भए पनि सरकारी कार्यालयमार्फत सेवासुविधा र छुट नपाएको दुःखेसो रोशनको छ ।

'धेरै लगानी गरिएको छ । सरकारी सङ्घसंस्था र स्थानीय सरकारबाट पानी/बत्तीकै पनि छुट दिँदा हुन्छ नि ?' रोशन भन्छन्, 'युवा सशक्तीकरणका नाममा स्थानीय तहले साह्रै धेरै रकम खर्च गर्छन् । युवाले नै खोलेको उद्यममा चाहिँ चासो नै छैन ।' आफूले पसिना बगाएको यस क्षेत्रको विकासका लागि सम्बन्धित संस्थालाई अनुदान र छुट दिनका लागि रोशन आग्रह गर्छन् ।


## आठराई त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ
प्रदेश नं. १ नेपाल

### प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी

(प्रथम पटक प्रकाशित मिति : २०७७/०४/२२)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/७८ च.नं./PMEP/२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस आठराई त्रिवेणी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यलयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्युनतम योग्यता र अनुभव** :-
   क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
   ख) अनुभव र सीप :-
   - कम्तिमा ३ महिने तालीम लिई आधारभुत कम्प्युटर सीप भएको,
   - पुर्वधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।
   ग) उमेर :- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको
२. **दरखास्त दिने स्थान** :- आठराई त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय
३. **दरखास्त दिने अन्तिम मिति** :- **२०७७/०५/०४**
४. **आवेदनको दस्तुर** :- रु. ८००।
५. **छनौटको किसिम** :- प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परीक्षा
६. **आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरुः(१)नेपाली नागरिकता, २) न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र, ३) चारित्रिक प्रमाण पत्र, ४) अनुभव खुल्ने कागजात, ५) दुई प्रति पासपोर्ट आकारको फोटो
७. **सेवा सुविधा** :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२), र (१३) बमोजिम हुनेछ ।
८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण** :- गाउँपालिका तथा नगरपालिकामा प्रविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**नोट** :- आवेदनको ढाँचा र प्रविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ । साथै कार्यालयको आन्तरिक राजश्व खाता नं.२६७००३०१०१०००२ मा नगद जम्मा गरी सोको दाखिला भौचर र उल्लेखित कागजात सहित कार्यालयको इमेल aathrai.tribenimun@gmail.com मार्फत समेत दरखास्त फारम पेश गर्न सकिनेछ । अन्य आवश्यक जानकारीको लागि सम्पर्क नं.: ९८१४०८९१२१,९८५२६६०९६०

राष्ट्र बैंकको प्रतिवेदन

# एक चौथाई कामदारले गुमाए रोजगारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन

कोभिड महामारीको जोखिम न्यूनीकरण गर्न गरिएको लकडाउका कारण देशमा सञ्चालित ६१ प्रतिशत उद्योगरव्यवसाय बन्द रहेको एक अध्ययनले देखाएको छ ।

राष्ट्र बैंकले गरेको ' कोभिड १९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी गरेको सर्वेक्षण प्रतिवेदनले बन्दबन्दीको कारणले ३५ प्रतिशत उद्योग व्यवसाय आशिंक रुपमा र ४ प्रतिशत उद्योगमात्र पूर्ण रुपमा सञ्चालन भएको देखाएको छ। बन्दाबन्दीका बेला सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरूमध्ये ९६.७ प्रतिशतले सामान्य अवस्थाको तुलनामा औसतमा ७३.८ प्रतिशत उत्पादन कारोबार घटेको सर्वेक्षणले देखाएको छ । कोरोाना भाइरस (कोभिड-१९) को संक्रमण रोक्न गरिएको लकडाउनका कारण करिब एक चौथाइ कामदारले रोजगारी गुमाएकाछन् । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धि




सर्वेक्षण प्रतिवेदनअनुसार देशका उद्योग व्यवसायले करिब २२.५ प्रतिशत कामदार कटौती गरेको देखिएको हो। बैंकले ५२ जिल्लाका ६७४ उद्योगी व्यवसायीसँग गरेको सर्वेक्षणका आधारमा निकालिएको निष्कर्षअनुसार होटल र रेस्टुरेन्ट क्षेत्रले सबैभन्दा धेरै कर्मचारी कटौति गरेका छन्। त्यस्तै, रोजगारी गुमाउनेमध्ये करिब दुई तिहाई अस्थायी र करारका कर्मचारी र कामदार छन् ।

सबैभन्दा धेरै घरेलु उद्योगका ३०.५२ प्रतिशत कामदारले रोजगारी गुमाएका छन् । रु. ५० करोडभन्दा धेरै स्थिर पुँजी भएका ठूला उद्योगका भने करिब १४ प्रतिशत कामदारले रोजगारी गुमाएको अध्ययनले देखाएको छ ।लकडाउनको अवधिमा औसतमा १८.२ प्रतिशत उद्योग व्यवसायले कामदार तथा कर्मचारीको तलब कटौती गरेको अध्ययनले देखाएको छ। ठूला उद्योग व्यवसायहरुले अन्यको तुलनामा धेरै तलब कटौती गरेका छन्। तलब कटौती गर्नेमा होटल तथा रेष्टुरेन्ट, यातायात तथा भण्डारण र शिक्षा क्षेत्र अगाडि रहेको अध्ययनको निष्कर्ष छ। यस्तै उक्त अवधिमा लकडाउका कारण असर परेका उद्योग/व्यवसायमध्ये १७.३ प्रतिशतले मात्र ब्याज छुट प्राप्त गरेका छन् । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाहरूले गत चैत महिनामा दिएको ब्याजमा १० प्रतिशत र छुट र वैशाख, जेठ र असारसम्म २ प्रतिशत ब्याज छुट दिन निर्देश गरिएको छ। ७१.३ प्रतिशत उद्योग व्यवसायले राष्ट्र बैंकले दिएको निर्देशन अनुसार ब्याज छुट प्राप्त गरेका छैनन्। साना तथा मझौला उद्योग/व्यवसायले सबैभन्दा बढी ब्याज छुटको सुविधा प्राप्त गरेका छन्। औद्योगिक वर्गीकरणअनुसार कृषि, वन तथा मत्स्यपालन क्षेत्रका ३५.१४ प्रतिशत ब्याजमा सहुलियत प्राप्त गरेका छन् । विद्युत, ग्याँस तथा पानी र निर्माण सम्बन्धि २५र२५ प्रतिशत उद्योगरव्यवसायले ब्याज छुट पाएका छन् ।

# उद्योग वाणिज्य महासंघको चुनावको मोडालिटी तय गर्न समिति गठन

**काठमाडौं/मस**-नेपाल उद्योग वाणिज्य महासंघले साधारणसभा र चुनाबको मोडालिटी तय गर्न ६ सदस्यीय समिति गठन गरेको छ। बुधबार भएको कार्यसमिति बैठकले उक्त समिति बनाउने निर्णय गरेको हो । कोरोना संक्रमणका कारण साधारणसभा पटकपटक स्थगित भएपछि महासंघले यसको मिति र मोडालिटीको बारेमा निष्कर्ष निकाल्न उक्त समिति गठन गरेको हो। समितिमा कार्यकारिणी सदस्यहरु रञ्जित आचार्य, अरुण सुमार्गी, भरत आचार्य, डीबी बस्नेत, बिनोद ढकाल र सुनिलगोपाल श्रेष्ठ रहेका छन् । महासंघले गठन गरेको उक्त समितिले १५ दिनभित्र साधारणसभा र चुनाबको मोडालिटी तयार पार्नेछ। समितिले तयार पारेको मोडालिटीलाई कार्य समितिले पारित गरेर सरकारलाई स्वीकृतीका लागि पठाउने समेत




निर्णय भएको छ। स्रोतका अनुसार कोरोना संक्रमण रहिरहने अवस्था देखिएपछि साधारणसभामा कम सहभागिता गराउने र चुनाब समेत विद्युतीय मतदानमा जान दबाब परेको छ । कोरोना संक्रमणको बेला साधारणसभा र चुनाब गराउने विषयमा पक्ष र विपक्ष देखिएको थियो । तर कोरोना संक्रमण लामो समय जाने देखिएपछि साधारणसभाका लागि ठूलो जमघट नगरि विद्युतीय मतदान गरेरै भएपनि जानुपर्ने निष्कर्षमा दुबै पक्ष देखिएको छ । त्यही कारण साधारणसभाका लागि समिति बनाउने निर्णय भएको हो ।

# सञ्चयकोषको सापटीको ब्याज तिर्न नयाँ व्यवस्था

**काठमाडौं/मस**-कर्मचारी सञ्चयकोषले आफ्ना सञ्चयकर्ताले लिएका सबै कर्जा तथा सापटीको साँवा तथा ब्याज 'कनेक्ट आइपिएस'मार्फत जम्मा गर्नसक्ने व्यवस्थाको शुरुआत गरेको छ ।



सञ्चयकर्ताले आफ्नो खाता रहेको जुनसुकै बैंकबाट कनेक्ट आइपिएसमार्फत विशेष सापटी तथा अन्य कर्जाको साँवा तथा ब्याज रकम जम्मा गर्न सक्नेछन् । कोषले अनलाइन प्रणालीमार्फत सापटी लिन र तिर्न सक्ने व्यवस्था गरेसँगै कोषका सञ्चयकर्ताले प्रविधिमार्फत कारोवार गर्नसक्ने अवस्था सिर्जना भएको छ। यसले विश्वमा फैलिरहेको कोभिड-१९ को सङ्क्रमणको महामारीको विषम परिस्थितिमा समेत कोषको सेवा प्रवाह सहज हुने विश्वास लिइएको प्रवक्ता ओमकृष्ण श्रेष्ठले जानकारी दिए ।

कोषले शुरु गरेको अनलाइन सापटी फिर्ता भुक्तानी प्रणालीमा सञ्चयकर्ताले बैंकमा उपस्थित भएर वा आफू रहेकै स्थानबाट कारोवार गर्नसक्ने व्यवस्था मिलाइएको छ । यसका लागि सञ्चयकर्ताले आफ्नो बैंक खातामा कनेक्ट आइपिएस सुविधा लिएको हुनुपर्ने र कोषको केवाइसी गरेको हुनुपर्नेछ। हाललाई रु पाँच हजारदेखि रु १० लाखसम्म सापटी तिर्न सक्ने गरी कारोवारको सीमा कायम गरिएको छ ।

# फाप्लु विमानस्थलमा 'वाक थ्रु मेटल डिटेक्टर' यन्त्र जडान

**काठमाडौं/मस**-सदरमुकाम नजिक रहेको फाप्लु विमानस्थलमा 'वाक थ्रु मेटल डिटेक्टर' यन्त्र जडान गरिएको छ । विमानस्थल सञ्चालमा आएको ४४ वर्षपछि उक्त यन्त्र जडान गर्न सफल भएको नेपाल नागरिक उड्डयन प्राधिकरण फाप्लुका प्रमुख प्रकाश शर्माले जानकारी दिए ।

कार्यालयका अनुसार सोलुखुम्बुलाई हवाई मार्गमा जोड्ने उद्देश्यले निर्माण गरिएको विमानस्थलमा पहिलोपटक विसं २०३२ मा पिलाटस विमानले उडान भरेको थियो भने २०३४ सालदेखि टुइनेटर विमानले उडान भर्न शुरु गरेको थियो । नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय हवाई सुरक्षा विभागको आर्थिक लगानीमा उक्त यन्त्र जडान गरिएपछि चेकजाँचमा सहज हुने विमानस्थल कार्यालयले जनाएको छ । यसअघि प्रहरी कर्मचारीले हातले जाँच गर्नुपर्ने बाध्यता थियो। अब भने कुनै पनि व्यक्तिले संवेदनशील सामग्री बोकेको खण्डमा साइरन आफैं बज्ने हुँदा सहज हुने कार्यालयको भनाइ छ ।

फाप्लु विमानस्थमा विशिष्ट कक्ष भए पनि सञ्चालनमा ल्याउन नसकिएको विमानस्थल प्रमुख




शर्माको भनाइ छ । "विशिष्ट कक्ष छ, तर आवश्यक सामग्री व्यवस्थाको लागि बजेट अभाव हुँदा सञ्चालन गर्न सकिएन", प्रमुख शर्माले भने, "सम्बन्धित निकायमा पहल गरिरहेका छौं, सगरमाथाको जिल्ला भएकाले पनि यो अति महत्वपूर्ण छ ।"

भौतिक संरचनाका हिसाबले विमानस्थलमा सुधारको कार्य आवश्यक रहेको बताइएको छ । अपाङ्गमैत्री संरचना नहूँदा बिरामी तथा अपाङ्गता भएका व्यक्तिलाई समेत सेवा लिन समस्या हुने गरेको छ। धावनमार्गसम्म जान तथा आउनका लागि निकै कठिन हुने गरेको स्थानीयवासी कान्छा शेर्पाको भनाइ छ ।

उक्त विमानस्थलमा नेपाल एयरलाइन्स, तारा र समिट एयरले साप्ताहिक रुपमा उडान भर्दै आएका छन्। काठमाडौँ-फाप्लु तथा फाप्लु-लुक्लासमेत उडान हुने गरेको छ । खुम्बुका लागि आवश्यक सामग्री फाप्लुबाट तेञ्जिङ हिलारी विमानस्थल लुक्लामा ढुवानी हुने गरेको छ ।

फाप्लु विमानस्थलसँग सङ्घीय तथा प्रदेश राजधानी जोड्ने सडक पिच भए फाप्लुसम्म ढुवानी भएको सामग्री हवाई सेवामार्फत खुम्बु लैजान सहज हुने व्यवसायीको भनाइ छ। विमानस्थलको भौतिक संरचना तथा अवस्थाको सांसद हेमकुमार राईको टोलिले गत चैत ३ गते सम्बन्धित मन्त्रालय तथा प्राधिकरणको ध्यानाकर्षण गराएको थियो । फाप्लु विमानस्थलमा वाक थ्रु मेटल डिटेक्टर मेशिन जडानका लागि तत्काल प्रक्रिया अगाडि बढाउन आग्रह गरिएबमोजिम नै कार्य भएको सांसद राईका स्वकीय सचिव भूपेन्द्र कट्टेलले बताए ।

# नेपालकै लामो पदमार्ग निर्माणको काम अन्तिम चरणमा



**रमेश खत्री/मध्यान्ह**
दार्चुला, २१ साउन

दार्चुला जिल्लाको अपिहिमाल गाउँपालिकामा रहेको ऐतिहासिक महत्व बोकेको नेपालकै सबभन्दा लामो सिद्धमकरीकोट पदमार्ग निर्माणको काम अन्तिम चरणमा पुगेको छ । नेपालको एकीकरण हुनुभन्दा पहिले मल्देश राज्यमा शासन गर्ने राजा जातर सिंहको मकरिकोट दरवारसम्म पुग्ने १८ सय मिटरलामो क्षेत्रमा अहिले अपिहिमाल गाउँपालिका, प्रदेश सरकार र संघीय सरकारबाट लगानी रहने गरी पदमार्ग निर्माण भइरहेको हो ।

राजा जातर सिंहले नुहाउने बसधारा धाम (जलदेवता) मकरीगाड क्षेत्रदेखि राजाको दरवार मकरीकोट (हालको भग्नावशेष) सम्म झण्डै ५ हजार सिंढी बनेका छन् भने बाँकी ३ हजार सिढी बन्ने क्रममा रहेको अपिहिमाल गाउँपालिका अध्यक्ष धर्मानन्द मन्यालले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए ।

पदमार्ग निर्माणका लागि योजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गरेर टेन्डर मार्फत काम भईरहेको छ । उक्त पदमार्गको कुल लागत स्टमेट ४ करोड ६० लाख रुपैयाँ रहेको छ। हाल उक्त योजनामा १ करोड ५० लाख रुपैंया खर्च भईसकेको छ। पदमार्ग निर्माणको काम एलबी कन्सट्रक्सनले जोइन्ट इभेन्टमा गरिरहेको छ। पदमार्ग निर्माण भएपछि समग्र दार्चुला जिल्लाको पर्यटन प्रवर्द्धनमा टेवा पुग्नुका साथै अपिहिमालको मुख्य आकार्षणको केन्द्र बन्ने अध्यक्ष मन्याले बताए ।


# लर्डबुद्ध एजुकेस फाउन्डेसन र लायन्स क्लवबीच सम्झौता

काठमाडौं/मस-लर्डबुद्ध एजुकेसन फाउण्डेसन र लायन्स क्लब अफ नेपाल डिष्ट्रिक ३२५ बी १ बिच एक समारोहमा शैक्षिक सहकार्यको लागी सम्झौता भएको छ । सम्झौताअनुसार लर्ड बुद्ध एजुकेसन फाउण्डेसनमा सञ्चालीत शैक्षिक कार्यक्रमहरु 'बी.एस्सी. आइटी', 'बीबीएम ईबीजनेश', ' एमबीए' र 'एम.एस्सी.आइटी' मा प्रत्येक कार्यक्रमहरुमा हरेक वर्ष एक जना गरीब तथा जेहेनदार विद्यार्थीले ट्यूशन फीमा पूर्ण छात्रवृत्ति प्राप्त गर्न सक्नेछन । लर्ड बुद्धले प्रदान गर्ने यो छात्रवृत्ति रु. ८,६५,००० बराबरको रहेको छ। विद्यार्थीहरुको छनौट लायन्स क्लब अफ नेपाल डिष्ट्रिक ३२५ बी१ गर्नेछ ।

सम्झौता पत्रमा लायन्स क्लब अफ नेपालका तर्फबाट डिस्ट्रिक गभर्नर मन बहादुर रोका र फाउण्डेसनका तर्फबाट अध्यक्ष जालानले हस्ताक्षर गरेका थिए । यसको साथै लायन्स क्लब अफ नेपाल डिष्ट्रिक ३२५ बी१ अन्तरगत रहेका क्लबका सदस्यहरु र उनका परिवारले लर्ड बुद्धमा अध्ययन गर्न चाहेमा ट्यूशन फीमा २५ प्रतिशत छात्रवृत्ति प्राप्त गर्न सक्नेछन ।

यस छात्रवृत्तिले डिस्ट्रिक गभर्नर मन बहादुर रोक्काले प्रस्तुत गरेको नारा 'नरचर द फ्युचर' लाई सार्थक बनाउने विश्वास रहेको अध्यक्ष जालानले बताए । उनका अनुसार लायन्स क्लबका सदस्यले सिफारिस गरेका जो कोही योजनाबाट लाभान्वित हुन सक्नेछन् ।

काठमाडौंको मैतीदेवीमा अवस्थित नेपालकै प्रथम आइटी कलेज लर्डबुद्ध एजुकेसन फाउन्डेसन मलेसियाको एसिया प्यासिफिक यूनिभर्सिटीको सम्बन्धन प्राप्त संस्था हो । यस संस्थावाट हाल सम्म करिव आठ हजार भन्दा बढी व्यक्तिले सुचना प्रविधि, व्यवस्थापन लगायतका अन्य विधामा स्नातक र स्नातकोत्तर तहको शिक्षा प्राप्त गरि सकेका छन् ।




प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**